जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३४६ • २०८३ साल जेठ १ गते शुक्रबार (15 May, Friday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।–


# मुख्यमन्त्री यादवले आज विश्वासको मत लिने

- जनमत विपक्षमा बस्ने
- मन्त्रीले राजीनामा दिने
- एमाले सकारात्मक

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले शुक्रवार प्रदेश सभामा विश्वासको मत लिने भएका छन् ।

सत्ता साझेदार जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागेका छन् ।गत २२ गते जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंहले सरकारलाई दिएको समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुखको कार्यालयमा दर्ता गरेका थिए ।

सरकारलाई दिएको समर्थन फिर्ता लिए पनि जनमत पार्टीका दुई जना महेशप्रसाद यादव अर्थ मन्त्री र वसन्त कुशवाहा खेलकुद तथा समाजकल्याण मन्त्री छन् ।उनीहरुले विहिवार रातिसम्म सरकार छाडेका छैनन् । तर मन्त्री द्वयले विश्वास मत अघि नै राजीनामा दिने स्रोतको दाबी छ ,

दलका नेता सिंहले प्रदेश सभामा विपक्षी तर्फको बेञ्चमा बस्ने व्यवस्था मिलाउन प्रदेश सभा सचिवालयमा पत्र पठाइसकेका छन् ।'सरकारबाट समर्थन फिर्ता लिएपछि दलको निर्णय अनुसार विपक्षमा बस्ने जानकारी प्रदेश सभालाई गराएको छु 'सिंहले भने, विश्वास मतको बिरोधमा मतदान गर्न ह्विप जारी भएकाले सबै सदस्य त्यसमा सहभागी हुनेछन् ।

जनमतले विश्वासको मतको विरोधमा मतदान गरे पनि सरकारलाई त्यसको असर पर्ने छैन् ।नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी(जसपा)नेपालको २६, नेकपा माओवादी र नेकपा एसको ७/७ जना सांसदगरि कुल ६२ जना सांसद सरकारको पक्षमा रहेका छन् ।

सरकारलाई विश्वासको मतका लागि ५२ जना सांसदको समर्थन भए पुग्ने छ ।प्रदेश सभामा एमालेका १ जना , माओवादीका २ जना, जनमत पार्टीका १ जना सांसद पदमुक्त भइसकेका छन् ।२ जना निलम्बनमा छन् ।

प्रदेश सभामा रहेको प्रमुख प्रतिपक्षी दल नेकपा एमाले सरकारप्रति सकारात्मक रहेको जनाएको छ ।एमाले दलका नेता समेत रहेका पूर्व मुख्यमन्त्री सरोज यादवले सरकारको व्यवहारबाट सांसदहरु असन्तुष्ट रहेको बताए ।'सांसदहरुसित धोका भएको छ' उनले भने, तर हामी सरकारप्रति सकारात्मक छौ ।

विश्वासको मतका लागि शुक्रवार बिहान ११ बजे प्रदेश सभाको बैठक डाकिएको छ ।एमालेले विश्वासको मत दिने, नदिने विषयमा स्पष्ट धारणा सार्वजनिक नगरे पनि सकारात्मक रहेको बताएको छ ।

एमालेले सरकारलाई विश्वासको मत दिए अथवा तटस्थ बसे पनि सरकारको विपक्षमा जनमत पार्टी मात्र रहने छ ।

केन्द्रमा नेपाली कांग्रेस र नेकपा एमालेबीच प्रदेश सरकारको विषयमा सहमति बनेकोले पनि मधेश प्रदेशमा सरकारलाई विश्वासको मत दिने सम्भावना बढेको छ ।एमालेले विश्वासको मत नदिए पनि सरकार ढल्ने सम्भावना रहेको छैन् ।एमालेले विश्वासको मत दिएर सरकार ढाल्ने खेललाई कमजोर बनाउने रणनीति बनाएको बताइन्छ ।

जसपा नेपालसितको सहकार्यमा नै जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएको थियो ।तर जसपा नेपालले आफ्नो रणनीति बदलेसँगै जनमत पार्टी एक्लिएको छ ।

नेकपा एस र माओवादी केन्द्रले एमाले नेतृत्वको सरकार बनाउने पक्षमा नरहेकोले कांग्रेस नेतृत्वको सरकार ढाल्न सहज देखिदैन् ।एमालेको समर्थनबाट जसपा नेपालले सरकार बनाउने प्रयास गरे पनि नेकपा एस र माओवादी केन्द्रको कारण ब्रेक लागेको हो ।

जसपा नेपालबाट राजकुमार गुप्ता(राजु गुप्ता) भौतिक पूर्वाधार विकास मन्त्री , मनिष सुमन श्रम तथा यातायात मन्त्री र रानी शर्मा शिक्षा तथा संस्कृति मन्त्री रहेका छन् ।प्रदेशको सभामुख पनि जसपा नेपालले पाएको छ ।

कांग्रेस नेतृत्वमा सरकार गठन गर्ने बखत आधी कार्यकाल जसपा नेपालले चलाउने सहमति भएको हो ।कांग्रेसले त्यस अनुसार साउनमा जसपा नेपाललाई सत्ता हस्तांतरण गर्नुपर्ने छ ।

संघीय सरकारले प्रदेशको विषयमा स्पष्ट नभएकोले प्रदेशको चुनाव अगावै हुने अथवा निर्धारित समयमै हुने अनिश्चित छ ।स्थानीय तहको निर्वाचन र प्रदेश सभाको निर्वाचन एकै साथ गराउन निर्वाचन आयोगले सरकारलाई यस अघि नै सुझाव दिइसकेको छ ।

सरकारको नेतृत्व लिन जसपा नेपाल हतारमा रहेको कांग्रेसका सांसदहरुले टिप्पणी गरेका छन् ।एमालेले आफ्नो नेतृत्वमा सरकार नबने कांग्रेसकै नेतृत्व ठिक रहेको रणनीति बनाएकोले यादव नेतृत्वको सरकार कार्यकाल पूरा गर्ने संभावनापनि रहेको बताइन्छ ।

## जसपा नेपाल मधेशमा ठूलो दल

**टुडे समाचारदाता**

जनकपुरधाम ।जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)एकीकरण भएपछि मधेश प्रदेशमा सबै भन्दा ठूलो दल बनेको छ ।

जसपा नेपालको १८ जना र लोसपाको ८ जनागरी २६ जना सांसद पुगेको छ ।२ जना निलम्बनमा रहेका समेत जसपा नेपालको संख्या २८ पुगेको छ ।दोस्रोमा नेकपा एमाले २४ र तेस्रोमा नेपाली कांग्रेस २२ जना सांसद रहेका छन् ।चौथोमा नेपाली कम्युनिष्ट पार्टी(नेकपा) १४ र पाँचौमा जनमत पार्टीको १२ जना सांसद रहेका छन् ।

जसपा नेपालले विहीवार मधेश प्रदेश सभामा दुबै दलको एकीकरण भएको पत्र दर्ता गराएको छ ।दुवै पार्टीको संसदीय दलको समायोजन भएको प्रदेश सभाले जनाएको छ ।

उच्चस्रोतका अनुसार संसदीय दलको नेता सरोज कुमार यादव नै रहने छन् ।दोस्रो कार्यकालको लागि उनी प्रारम्भदेखि नै दलको नेता रहेका छन् ।उनी मुख्यमन्त्रीको रुपमा समेत कार्य गरिसकेका छन् ।

सरकारले लिने विश्वासको मतको पक्षमा मतदान गर्ने जनाउ प्रदेश सभामा दिने बताइएको छ ।

## भारतद्वारा चिनी निर्यातमा प्रतिबन्ध

**टुडे समाचारदाता**



जनकपुरधाम । भारतले तत्काल लागु हुने गरी चिनी निर्यातमा प्रतिबन्ध लगाउने निर्णय गरेको छ ।

भारतीय प्रतिबन्धका कारण बजारमा चिनीको अभाव हुनसक्ने चिन्ता सर्वसाधारण उपभोक्तामा बढेको छ । तर नेपाली चिनी उत्पादकहरू त्यसबाट खासै असर नपर्ने दाबी गरेका छन् ।

नेपाली चिनी उद्योग संघका अध्यक्ष शशिकान्त अग्रवालले यस आर्थिक वर्षसम्म नेपालभित्र चिनी आपूर्तिमा असर नपर्ने दाबी गरे ।

नेपालमा चिनीको मूल्यवृद्धि अन्य खाद्यवस्तुको मूल्यवृद्धिको तुलनामा एकदमै कम हुने गरेको उनीहरु बताउँछन् । खास गरी दशैं र तिहारजस्ता चाडपर्वका बेला नेपालमा चिनीको मूल्यवृद्धि र कृत्रिम अभाव देखिने गुनासो उपभोक्ताहरूले वर्षौंदेखि गर्दै आएका छन् । भारतको वाणिज्य विभागले बुधवार एउटा सूचना जारी गर्दै चिनी निर्यातमा प्रतिबन्ध लगाइएको जनाएको छ ।

त्यसअनुसार उसले तत्काल लागु हुने गरी चिनीको निर्यातमा प्रतिबन्ध लगाएको छ ।

भारतले निर्यातमा प्रतिबन्ध लगाए पनि नेपालमा कम्तीमा आउने जनवरीसम्म अभाव नहुने नेपाली उत्पादकहरूले बताएका छन् ।

इस्टर्न सुगर मिल्सका एक सेयरहोल्डर हितेश गोल्छाका अनुसार नेपालमा वार्षिक लगभग दुई लाख ८० हजार मेट्रिक टनको हाराहारीमा चिनी खपत हुँदै आएको छ ।

नेपालमा उखुको सीजन सामान्यतया तिहारदेखि शुरु भएर चार महिनासम्म चल्छ । उद्योगीहरूका अनुसार त्यसपछि चिनी कारखानाहरू बन्द हुन्छन् ।

प्रतिव्यक्ति चिनी खपतबारे आधिकारिक तथ्यांक नेपालमा उपलब्ध नभए पनि तीन जनाको परिवारमा वार्षिक १०/१२ केजी चिनी खपत हुने गरेको अध्ययनबाट देखिएको अग्रवालले बताए ।

भारतले चिनी निर्यातमा प्रतिबन्ध लगाउँदा नेपाली उपभोक्ताहरूमा त्यसबाट पर्नसक्ने प्रभावबारे चासो देखिनु स्वाभाविक हो । तर पनि नेपाली उत्पादकहरू नेपाली बजारमा चिनीको मूल्य खासै नबढ्ने ठान्छन् ।

चिनी उद्योग संघका अध्यक्षले पनि कतिपय उत्पादकहरूले घाटामै बेच्ने गरेको दाबी गरे ।

प्रतिकेजी सरदर ८० रुपैयाँसम्म जनकपुरधामसहित मधेश प्रदेशमा चिनी बिक्री हुँदै आएको छ ।

## मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष यादव बर्खास्त

**टुडे समाचारदाता**




जनकपुरधाम । मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष सुरेश कुमार यादवले कानुनी मर्यादा विपरीत गरेको पाइएपछि पदबाट बर्खास्त गरिएको छ ।

मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले यादवलाई कार्यवाहक अध्यक्षसहितको पदबाट सोमबार नै पदमुक्त गरिएको जनाएको छ ।

कार्यवाहक अध्यक्षको पदीय जिम्मेवारीमै रही सरकारी तलबभत्ता र सेवा सुविधा लिइदैं आएका यादवले प्रदेश सरकारविरुद्धमा नै गतिविधि गरेको पाइएको तथा मिडिया काउन्सिलको कार्यालयको बोर्डबाट मधेश प्रदेश सरकार एवं गृह, सञ्चार तथा कानुन मन्त्रालय भन्ने शब्द नै नलेखी झुण्ड्याएको अवस्थामा पाइएपछि बोर्डको सदस्यसमेत नरहने गरी बर्खास्त गरिएको बताइन्छ ।

केही साता अघि जनकपुरधामस्थित पूर्वाधार विकास कार्यालय धनुषामा यादवले आफ्नै अगुवाइमा पदीय मर्यादा र कानुन विपरीत तालाबन्दी गरेको पाइएपछि मन्त्रालय समक्ष गुनासो आएपछि स्पष्टीकरण सोधिएको थियो । यससंगै यादवले पदमै रहेकै बेला मिडिया काउन्सिलको कार्यालयको बोर्डबाट मधेश प्रदेश सरकार र गृह, सञ्चार तथा कानुन मन्त्रालयसमेत हटाइएको पाइएपछि पनि स्पष्टीकरण पटकपटक सोधिएको थियो । तर चित्तबुझ्दो जवाफ नदिएपछि कार्यवाहक अध्यक्षको पदसमेतबाट पदमुक्त गरिएको गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले जानकारी दिए ।

गृहमन्त्री महतोले पटकपटक चित्त बुझ्दो र जिम्मेवारीबोध गर्दै स्पष्टीकरण दिन आग्रह गरेका थिए। तर यादवले मन्त्रीसमेतलाई बेवास्ता गर्दै पदीय मर्यादा विपरीत कानुनको ख्यालै नगरी प्रदेश सरकारविरुद्धको गतिविधिमा समेत सक्रियतापूर्वक लागेको पाइएपछि पदमुक्त गरिएको मन्त्री महतोले स्पष्ट पारे ।

मिडिया काउन्सिलमा अब नेपाल पत्रकार महासंघ मधेश प्रदेशका एकजना पदेन सदस्य र तीन जना सदस्य गरी चारजना छन् ।

काउन्सिलका अध्यक्ष कमल उपाध्यायमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारसम्बन्धी मुद्दामा कसुर अभियोग लगाएपछि उनी पदमुक्त भएका थिए । त्यसपछि यादव कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्दै आएका थिए ।







# निर्माण व्यवसायी आन्दोलनमा




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्माण व्यवसायी संघले निर्माण सामग्रीमा भएको अस्वभाविक मूल्यवृद्धिका कारण निर्माण क्षेत्र गम्भीर संकटमा परेको भन्दै सरकारविरुद्ध आन्दोलन सुरु गरेको छ।

संघले तत्काल मूल्य समायोजनको निर्णय नगरे जिल्लासहित देशभरका विकास निर्माणका काम बन्द गर्न बाध्य हुने चेतावनी दिएको छ । संघले बिहीबार प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाउँदै डिजेल, बिटुमिन, डण्डी, सिमेन्टलगायत निर्माण सामग्रीको मूल्य लगातार बढ्दा निर्माण व्यवसाय धराशायी हुने अवस्थामा पुगेको जनाएको हो ।

निर्माण लागत अत्यधिक बढेपछि ठेक्का सम्झौताअनुसार काम सञ्चालन गर्न कठिन भएको व्यवसायीहरुको भनाइ छ। धनुषा निर्माण व्यवसायी संघका अध्यक्ष अशोककुमार चौधरीले नेपाल निर्माण व्यवसायी महासंघले यसअघि नै मूल्य समायोजन सम्बन्धी नीतिगत निर्णय गर्न सरकारलाई अल्टिमेटम दिएको स्मरण गराउँदै हालसम्म कुनै सुनुवाइ नभएकाले चरणबद्ध आन्दोलनमा उत्रिनुपरेको बताए।

उनले सरकारले समयमै आवश्यक निर्णय नगरे देशभर सञ्चालनमा रहेका विकास निर्माणका आयोजना प्रभावित हुने चेतावनी दिँदै त्यसबाट उत्पन्न हुने सम्पूर्ण जिम्मेवारी सरकारकै हुने उल्लेख गरे । आन्दोलन अन्तर्गत संघका पदाधिकारी तथा व्यवसायीहरुले जिल्ला प्रशासन कार्यालय धनुषाको मुख्य गेट अगाडि धर्नासमेत दिएका छन्।

शुक्रबार जिल्लाका विभिन्न विकासे कार्यालयहरुमा पनि ज्ञापनपत्र बुझाउने तथा धर्ना कार्यक्रमलाई निरन्तरता दिने कार्यक्रम तय गरिएको अध्यक्ष चौधरीले जानकारी दिए।

# क्याम्पस प्रमुखलाई कालोमोसो

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जस्थित हरिखेतान बहुमुखी क्याम्पस पछिल्लो समय प्रशासनिक विवाद, शिक्षक निष्कासन र आन्तरिक शक्ति संघर्षका कारण गम्भीर संकटतर्फ धकेलिएको छ।

क्याम्पस प्रशासन, शिक्षक तथा कर्मचारीबीचको किचलो उत्कर्षमा पुगेका बेला बिहीबार क्याम्पस प्रमुख किशोरी रायमाथि कालोमोसो दलिएको घटनाले त्यहाँको अवस्था झनै बिग्रेको छ।

बिहीबार बिहान क्याम्पस परिसरभित्रै पाँच/छ जनाको समूहले क्याम्पस प्रमुख रायलाई लछारपछार गर्दै कालोमोसो दलेको हो । घटनापछि केही समय क्याम्पस परिसर तनावग्रस्त बनेको थियो। प्रत्यक्षदर्शीका अनुसार आक्रोशित समूहले रायमाथि दुर्व्यवहार गर्नुका साथै उनलाई घिसार्दै नाराबाजीसमेत गरेको थियो।



घटनापछि प्रहरीले तत्काल हस्तक्षेप गर्दै संलग्न रहेको आरोपमा क्याम्पसकै दुई जना कर्मचारीलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेत ले घटनामा संलग्न व्यक्तिमाथि अनुसन्धान भइरहेको जानकारी दिए । उनका अनुसार पक्राउ परेकामाथि सार्वजनिक शान्तिविरुद्धको कसुरअन्तर्गत अनुसन्धान अघि बढाइएको छ।

सामुदायिक स्वरूपमा सञ्चालन हुँदै आएको हरिखेतान बहुमुखी क्याम्पसमा पछिल्लो एक वर्षदेखि सञ्चालक समिति र शिक्षक-कर्मचारीबीच तीव्र विवाद चल्दै आएको छ । क्याम्पसलाई निजीकरणतर्फ लैजान खोजिएको आरोप लगाउँदै शिक्षक तथा कर्मचारी पक्षले निरन्तर विरोध गर्दै आएका छन्।

विवादले पछिल्लो समय थप उग्र रूप लिएको थियो, जब पुनः नियुक्त गरिएका क्याम्पस प्रमुख किशोरी राय र सञ्चालक समितिको मिलेमतोमा चार जना करार शिक्षकलाई सेवाबाट हटाउने निर्णय गरिएको आरोप सार्वजनिक भयो। क्याम्पस प्रशासनले वैशाख २१ गतेदेखि लागू हुने गरी शिक्षकहरू लालकिशोर प्रसाद पटेल, रविन्द्र कुमार यादव, पूजा गुप्ता र दिलिप कुमार पण्डितको करार सेवा अन्त्य गर्ने निर्णय गरेको थियो।

उक्त निर्णयपछि असन्तुष्ट शिक्षक तथा कर्मचारीहरूले क्याम्पस प्रशासनविरुद्ध आन्दोलन चर्काउँदै आएका थिए। उनीहरूले क्याम्पसमा तालाबन्दी गर्नुका साथै धर्ना र प्रदर्शनसमेत गर्दै आएका थिए। क्याम्पस प्रमुख रायले पटक-पटक वार्तामार्फत ताला खोल्न आग्रह गरे पनि आन्दोलनरत पक्ष नमानेपछि तनाव बढ्दै गएको थियो।

स्थानीय बुद्धिजीवीहरूका अनुसार शैक्षिक संस्थाभित्र उत्पन्न विवाद संवाद र कानुनी प्रक्रियाबाट समाधान हुनुपर्नेमा हिंसात्मक र अराजक गतिविधिमा रूपान्तरण हुनु दुःखद पक्ष हो। उनीहरूले हरिखेतान क्याम्पसको विवादले वीरगञ्जको शैक्षिक वातावरणमै नकारात्मक असर पार्न सक्ने चेतावनी दिएका छन्।

घटनापछि क्याम्पस क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरिएको छ भने थप अप्रिय घटना हुन नदिन प्रहरीले निगरानी बढाएको जनाएको छ।

# सर्वोच्चमा पुनरावेदन निवेदन दर्ता



काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला हुलाक कार्यालय बाराका तत्कालीन नासु बलीरामप्रसाद कुर्मीको भ्रष्टाचारसम्बन्धी मुद्दामा विशेष अदालतले गरेको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन निवेदन दर्ता गरेको छ।

आयोगले हुलाक बचत बैंक बारामा बचतकर्ताको रकम हिनामिना गरी भ्रष्टाचार गरेको अभियोगमा रु पाँच करोड ३५ लाख ६४ लाख २७९ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको थियो। सो मुद्दामा विशेष अदालतले विसं २०८२ माघ २२ गतेको फैसलाबाट आंशिक सफाइ दिएको थियो। उक्त फैसलाविरुद्ध चित्त नबुझेको भन्दै आयोगले आज सर्वोच्च अदालतमा पुनरावेदन निवेदन दर्ता गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो। रासस

# भारतीय पर्यटकका विषयमा फैलाइएका सूचना आधारहीनः पर्यटन बोर्ड

काठमाण्डु । नेपाल पर्यटन बोर्डले भारतीय पर्यटकमाथि नेपाल सरकारले नयाँ प्रतिबन्ध लगाएको भन्ने भ्रामक र तथ्यहीन समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।



पर्यटन बोर्डले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै केही सञ्चारमाध्यम र अनलाइन 'प्लेटफर्म'मार्फत भारतीय पर्यटकलाई नेपाल प्रवेश गर्दा अनिवार्य परिचयपत्र लागू गरिएको, नेपालमा बसाइ अवधि ३० दिनमा सीमित गरिएको तथा अवधि नाघेमा सवारीसाधन जफत गरिने जस्ता विवरण पूर्णरूपमा गलत, आधारहीन र भ्रामक भएका जनाएको हो।

विज्ञप्तिमा नेपाल सरकारले भारतीय पर्यटकको बसाइ अवधिमा कुनै नयाँ प्रतिबन्ध नलगाएको तथा नेपाल-भारतबीच लामो समयदेखि कायम खुला सीमा व्यवस्था र द्विपक्षीय समझदारीमा कुनै परिवर्तन नगरिएको उल्लेख गरिएको छ । नेपाल र भारतबीचको ऐतिहासिक जनस्तरको सम्बन्ध, सांस्कृतिक निकटता र पर्यटन सहकार्य यथावत जनाइएको छ।

बोर्डका अनुसार नेपाल सरकारले हालै निजी सवार ीसाधनमार्फत स्थलमार्गबाट नेपाल प्रवेश गर्ने भारतीय तथा अन्य विदेशी पर्यटकका लागि 'अनलाइन' सहजीकरण प्रणाली सुरु गरेको छ । भन्सार विभागद्वारा विकसित उक्त ' डिजिटल प्रणाली'मार्फत अस्थायी प्रवेश अनुमति र राजस्व भुक्तानी अनलाइनमार्फत गर्न सकिने व्यवस्था गरिएको छ। यस व्यवस्थाले सीमा नाकामा हुने झन्झट कम गर्नुका साथै पर्यटकलाई सहज सेवा प्रदान हुने विश्वास बोर्डले व्यक्त गरेको छ।

पर्यटन बोर्डले सञ्चारमाध्यम, डिजिटल प्लेटफर्म, पर्यटन व्यवसायी तथा सर्वसाधारणलाई अपुष्ट सूचना प्रसारण नगर्न र पर्यटनसम्बन्धी नीति तथा यात्रा व्यवस्थासम्बन्धी जानकारीका लागि आधिकारिक सरकारी स्रोतमा मात्रै भर पर्न आग्रह गरेको छ।

नेपाल भारतीयसहित विश्वभरका पर्यटकका लागि सुरक्षित, मैत्रीपूर्ण र स्वागतयोग्य गन्तव्य रहेको उल्लेख गर्दै बोर्डले नेपाल-भारतबीचको मैत्री, सहकार्य र सहज आवतजावत प्रवर्द्धनमा सरकार प्रतिबद्ध रहेको जनाइएको छ। रासस

# बिपी राजमार्ग तथा हिल्सा-सिमकोट सडकखण्ड बन्द

काठमाण्डु। सम्भावित बाढी तथा सडक निर्माण कार्यका कारण काभ्रेपलाञ्चोक-सिन्धुलीस्थित बिपी राजमार्ग र हुम्लाको हिल्सा-सिमकोट सडक खण्डमा सवारी आवागमन बन्द गरिएको छ।

प्रहरी प्रधानकार्यालयले बिहीबार सूचना जारी गर्दै काभ्रेपलाञ्चोकको खुर्कोट-नेपालथोक-कटुन्जेबेँसीहुँदै सिन्धुली चल्ने बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई मध्यनजर गर्दै सवारी सञ्चालनमा रोक लगाइएको जनाएको छ। प्रहरीका अनुसार मिति २०८३ वैशाख २१ गते साँझ ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म उक्त सडकखण्डमा चल्ने सम्पूर्ण सवारीसाधन अर्को आदेश नभएसम्मका लागि बन्द गरिएको हो।

यसैगरी, हुम्लाको नाम्खा गाउँपालिका-२ च्यादुक क्षेत्रमा सडक विस्तारको काम भइरहेका कारण हिल्सा-सिमकोट सडक खण्डमा पनि आवागमन बन्द गरिएको छ। च्यादुक होटलदेखि च्याछरासम्म सडक खन्ने क्रममा माथिबाट ढुङ्गा र माटो खस्ने जोखिम बढेकाले यही वैशाख २९ गतेदेखि जेठ २ गतेसम्म उक्त सडकखण्डमा यातायात सञ्चालन रोकिएको प्रहरीले जनाएको छ। रासस

# जनशक्ति अभावमा लहान प्रादेशिक अस्पतालमा 'सिटी स्क्यान' सेवा सञ्चालन भएन

सिरहा । सिरहाको लहानस्थित रामकुमार सारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा उद्घाटन गरिएको 'सिटी स्क्यान' सेवा जनशक्ति अभावका कारण सञ्चालन हुन सकेको छैन । यही वैशाख २१ गते उद्घाटन गरिए पनि दक्ष प्राविधिक नहुँदा सेवा सञ्चालन हुन नसकेको हो।




अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहताले मेसिन भएर पनि सेवा दिन नसक्दा जनमानसमा गलत सन्देश गएकाले जनशक्ति व्यवस्थापनका लागि सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो।

"आमनागरिकले सस्तो र सुलभ मूल्यमा विशेषज्ञ सेवा पाऊन् भन्ने पवित्र उद्देश्यले धेरै पहल गरेर मेसिन त ल्यायौँ, तर सञ्चालन गर्ने प्राविधिक जनशक्ति नहुँदा अप्ठेरोमा परेका छौँ", उहाँले भन्नुभयो।

अस्पताल प्रशासनका अनुसार यो सेवा पूर्ण रूपमा सञ्चालन गर्न कम्तीमा एक जना रेडियोलोजिस्ट, एक जना रेडियो प्राविधिक र अर्को एक जना सहयोगी गरी तीन जना कर्मचारीको तत्काल आवश्यकता छ। हालै (जेठ २४ गते) कार्यभार सम्हाल्नुभएकी अस्पताल प्रमुख डा वर्षा प्रकाशले जनशक्ति व्यवस्थापनका लागि प्रदेश सरकारको विषयगत मन्त्रालयमा पहल भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले आवश्यक जनशक्तिका लागि सम्बन्धित प्रदेश मन्त्रालयमा निरन्तर समन्वय र ताकेता गरिरहेका छौँ, तर यस विषयका दक्ष जनशक्ति (रेडियोलोजिस्ट) प्रदेशभरि नै अभाव रहेकाले मन्त्रालयले कहिलेसम्म कर्मचारी पठाउँछ भन्ने टुङ्गो लाग्न सकेको छैन।"

मधेश प्रदेशमा कर्मचारी समायोजनबाट आउनुभएका एक्ला वरिष्ठ रेडियोलोजिस्ट डा बृजेन्द्रकुमार साह यसअघि यही अस्पतालमा निमित्त मेसुका रूपमा कार्यरत हुनुहुन्थ्यो । प्रदेश सरकारले डा साहकै विज्ञतालाई हेरेर लहानमा सिटी स्क्यान मेसिन पठाएको थियो, तर गत माघ २ गते मन्त्रालयले डा साहलाई सर्लाहीको मलङ्गवास्थित प्रादेशिक अस्पतालमा सरुवा गरेपछि समस्या भएको जानकारहरू बताउँछन्।

यहाँ मधेश प्रदेशका तत्कालीन स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहको कार्यकालमा आर्थिक वर्ष २०८१/८२ मा रु १२ करोड लागतमा दुई वटा सिटी स्क्यान मेसिन खरिद गरिएको थियो।

तीमध्ये एउटा मेसिन जनकपुरस्थित मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान र अर्को लहान अस्पतालमा पठाइएको तत्कालीन प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका महानिर्देशक डा. सुनिलप्रसाद कुशवाहाले जानकारी दिनुभयो। रासस

## पश्चिमी न्यूनचापीय प्रणालीको प्रभावः
# देशका विभिन्न क्षेत्रमा वर्षाको सम्भावना

काठमाण्डु। हाल देशमा पश्चिमी न्यूनचापीय प्रणाली, स्थानीय वायु तथा तल्लो वायुमण्डलमा रहेको न्यून चापीय क्षेत्रको प्रभाव कायम रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार हाल कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशलगायत देशका हिमाली तथा पहाडी भागमा साधारणतया बदली रहेको छ भने बाँकी भागमा आंशिक बदली भएको छ। कोशी र बागमती प्रदेशका केही तथा लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा मध्यम वर्षा भइरहेको छ।

आज दिउँसो कोशी, बागमती र गण्डकी प्रदेशलगायत देशका हिमाली तथा पहाडी भागमा साधारणतया बदली रहने तथा बाँकी भागमा आंशिक बदली रहने महाशाखाको पूर्वानुमान छ। कोशी प्रदेशका केही स्थानसहित बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भागका केही स्थान, बाँकी हिमाली तथा पहाडी भागका एकदुई स्थान तथा मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका तराई भागका एकदुई स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा तथा हिमपातको सम्भावना छ। त्यसैगरी,



आज राति कोशी, मधेश, बागमती र गण्डकी प्रदेशलगायत देशका हिमाली भागमा साधारणतया बदली रहने तथा बाँकी भागमा आंशिक बदली रहने जनाइएको छ। कोशी र मधेश प्रदेशका केही स्थान, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भाग तथा कर्णाली प्रदेशका हिमाली भागका एकदुई स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा तथा हिमपात हुनसक्ने महाशाखाले विभागले जनाएको छ। रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक



**मेष :** आज आत्मविश्वास र उर्जा उच्च रहनेछ।
**वृष :** आज खर्चको मात्रा बढ्न सक्छ।
**मिथुन :** आर्थिक रुपमा आजको दिन निकै बलियो छ।
**कर्कट :** कार्यक्षेत्रमा तपाईको कामको उचित मूल्याङ्कन हुनेछ।
**सिंह :** भाग्यले साथ दिने समय छ। धार्मिक र आध्यात्मिक कार्यमा रुचि बढ्नेछ।
**कन्या :** आजको दिन केही सावधानजी अपनाउनु पर्ने देखिन्छ।
**तुला :** दाम्पत्य जीवन र प्रेम सम्बन्धका लागि आजको दिन निकै सुखद रहनेछ।
**वृश्चिक :** प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ।
**धनु :** विद्यार्थीहरुको लागि आजको दिन उत्कृष्ट छ।
**मकर :** पारिवारिक विषयलाई लिएर मनमा केही चिन्ता बढ्न सक्छ।
**कुम्भ:** तपाईको साहस र पराक्रमले कठिन कामहरु पनि सजिलै सम्पन्न हुनेछन्।
**मीन:** आर्थिक लाभ हुने र धन सञ्चय गर्ने अवसर मिल्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## उद्योगलाई नगद जरिवानासहित चेतावनी



चितवन । यहाँको भरतपुर महानगरपालिकाले एक उद्योगलाई २० हजार रुपैयाँ जरिवाना गराएको छ । महानगरपालिकाले सुरु गरेको बजार अनुगमनका क्रममा भरतपुर महानगरपालिका-३ बेलचोकस्थित सृजना एण्ड सृष्टि प्याकेजिङ उद्योगलाई जरिवाना गराएको हो ।

अनुगमनका क्रममा उद्योगमा पूजा सामग्री प्याकेजिङ गर्ने उक्त उद्योगमा तेलको अव्यवस्थित भण्डारण, दुई तीन पटकसम्म लेवलिङ, सरसफाइ कमी, खाद्य र अखाद्य वस्तु एकैठाउँमा राखिएको पाइएपछि जरिवाना गराइएको वडाध्यक्ष विकास थापाले जानकारी दिनुभयो । उहाँका अनुसार खाद्य प्रविधिमा दर्ता गरी खाद्य र अखाद्य वस्तु छुट्टै राख्न निर्देशन दिइएको छ । यदि पुनःअनुगमन गर्दा सञ्चालनयोग्य देखिएमात्र सो उद्योग सञ्चालन गर्नेगरी तत्काललाई बन्द गरिएको छ ।

आजै नारायणगढ-मुग्लिन सडक खण्ड अन्तर्गत रामनगर क्षेत्रमा रहेका होटलको अनुगमन गरिएको छ । यसै क्रममा बुधबार नारायणगढको पुतली बजारमा रहेका किराना पसलको अनुगमन गरिएको थियो । २० भन्दाबढी पसल अनुगमन गर्दा अधिकांशले नवीकरण नगरेको पाइएको थियो । २१ वर्षदेखि नवीकरण नगरी व्यवसाय सञ्चालन हुँदै आएको पाइएको वडा नं २ का वडाध्यक्ष मनोज रानाभाटले जानकारी दिनुभयो ।

उहाँका अनुसार व्यवसायीलाई तत्काल दर्ता गर्न र नवीकरण नभएकालाई नवीकरण गर्न निर्देशन दिइएको छ । रासस

# संरक्षणको पर्खाइमा चार सय वर्ष पुरानो चट्टान अभिलेख



भक्तपुर । विश्वमै दुर्लभ मानिएको नेपाल कै पहिलो र ४०० वर्ष पुरानो लिच्छवीकालीन चट्टान अभिलेख यतिखेर संरक्षणको पर्खाइमा रहेको छ ।

चाँगुनारायण नगरपालिका-९ ताथलीस्थित हललगाउँ र गाउँको भीरपाखा एवं खेतको डिलमा यत्रतत्र रहेको अवस्थामा फरकफरक १५ वटा ऐतिहासिक चट्टान अभिलेखको २०६७ पुसमा अन्वेषर्णकर्ता, संस्कृतिविद् एवं इतिहासविद् डा पुरुषोत्तमलोचन श्रेष्ठले पत्ता लगाउनुभएको हो ।

उहाँले भन्नुभयो, ''वर्षौं पहिलेदेखि हलल गाउँमा छरपष्ट रहेका ठूलाठूला ढुङ्गा, देवताका रुपमा पुजिँदै आएको बासुकी ढुङ्गा र छरपष्ट रहेको अन्य चट्टानहरुमा कुँदिएका अभिलेख, अहिलेसम्म प्रचारमा नआएका नवपाषाणकालीन उपकरण, गुफा, ओडार, गढी, प्रकृति उत्पन्न स्वप्नेश्वर महादेवको शिवलिङ्ग, गणेश ढुङ्गा भेटिए उचित संरक्षण अभाव खड्किएको छ, यो देशकै सम्पत्ति हो, यसको संरक्षणमा राज्यले ध्यान दिनुपर्छ ।''

नेपाल सम्वत् ७४५ देखि ८३५ सम्मका चट्टान अभिलेखको महत्व थाहा पाएपछि हलल गाउँको आइतबारे सामुदायिक वनभित्र परापूर्वकालदेखि यत्रतत्र छरिएर रहेकाले यसको दिगो संरक्षण गर्नुपर्ने स्थानीयले माग गर्दै आएका छन् । यहाँ नेपाल सम्बत् ७४५ को अभिलेख सूचीको ने.सं ८३५ को भूपतिन्द्र मल्लको १५ वटा चट्टान अभिलेख रहेका छन् । यहाँ भेटिएका चट्टानमा भक्तपुरका पूर्वराजा जगज्योति मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ल, कान्तिपुरका राजा कविन्द्र प्रताप मल्लको समेत अभिलेख रहेका इतिहासविद् डा श्रेष्ठ बताउनहुन्छ ।

ठूलो ढुङ्गाको शीर्ष भागमा कुँदिएको जितामित्र मल्लको पालामा यज्ञ गर्नका लागि ढुङ्गाको व्यवस्था गरिएको भन्ने पनि अभिलेखमा उल्लेख उहाँ बताउनुहुन्छ । यहाँको बासुकी ढुङ्गामा रहेको नेपाल सम्बत् ७७८ को अभिलेखमा प्रताप मल्लले चाँगुनारायण मन्दिरका लागि गरुडनारायण, सिंह र हात्तीलगायतका जनावरहरूको प्रतीक बनाउनका लागि ढुङ्गाको व्यवस्था गरिएको र त्यसलाई बिगारेमा पञ्च महापाप लागोस् भन्नेसमेत कुद्न लगाइएको छ ।

चट्टान अभिलेखमा भक्तपुरका तत्कालीन राजा जगज्योति मल्लको नेपाल सम्बत् ७४५ देखि भूपतिन्द्र मल्लको शासनकालसम्मका घटना, चित्र, विभिन्न सङ्केतहरू कुँदिएका छन् । यसअघि नेपालमा शिलालेख, ताडपत्र, भोजपत्र, कनकपत्र र रजतपत्रमा लेखिएका इतिहास रहेको छ । ठूलो ढुङ्गामा कुँदिएका अभिलेखमा नेपाल सम्वत् ८३५ मा भूपतिन्द्र मल्लले आफ्ना पिताको सम्झनामा ढुङ्गाको मन्दिर निर्माण गर्न ढुङ्गा लगिएको अभिलेखमा उल्लेख गरिएको छ । यहाँ प्रथम गणाध्यक्ष पशुपति सदाशिव महादेवको शम्भूलिङ्ग, प्राकृतिक गणेशको ढुङ्गा पहाडको खोचमा रहको छ भने विसं १८५२ को शिलालेख पनि रहेको छ ।

यहाँ रहेका चट्टानको ठूलो ढुङ्गामा जगज्योति मल्लको सबैभन्दा पुरानो अभिलेखका साथै अन्य छ वटा अभिलेख र चित्रहरू पाइएका छन् भने बासुकी ढुङ्गामा भक्तपुरका राजा जितामित्र मल्ल र कान्तिपुरका राजा प्रताप मल्लका मल्लकालीन आठ वटा अभिलेख र दुई वटा सङ्केतात्मक चित्रहरू समेत रहेका छन् । पुरातत्व विभाग स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुरले समेत तत्कालीन समयमै नेपालको इतिहासका पहिलो चट्टान अभिलेख रहेको पुष्टी गरे पनि अझै यसको उचित संरक्षण हुन भने सकेको छैन । चट्टान अभिलेखको संस्कृतिविद् श्रेष्ठले नेपाल उपत्यकाभित्रका कलात्मक ढुङ्गाका मन्दिर, पाटी, ढुङ्गेधारा, ठूलाठूला सिंह, घोडा आदि बनाउन यस क्षेत्रबाट ढुङ्गा लाने गरेको समेत यहाँ रहेका अभिलेखबाट पत्ता लागेको बताउनुभयो ।

यहाँ रहेका ठूलो ढुङ्गामा कुँदिएका साँढे जुधाइले नेपाल उपत्यकामा मल्लकालीन समयमा साँढे जुधाइ प्रतियोगिताको प्रचलन रहिआएको प्रष्ट हुने उहाँ बताउनुहुन्छ । करिब छ फिट लम्बाइ र दुई फिट चौडाइसम्मका ती अभिलेखमा सिंह, साँढे जुधाई, हात्ती र घोडाको चित्रका साथै नेपाल भाषाका लिपिमा लेखिएका अक्षरसमेत कोरिएका छन् ।

भक्तपुरका मल्ल राजा जितामित्रले पनि नेपाल सम्बत् ८३१ मा केही चट्टानमा अभिलेख कुँद्न लगाएको पाइएको छ । भक्तपुर नगरपालिका क्षेत्रमा रहेको बत्सला मन्दिर बनाउन त्यहाँको ढुङ्गा आफूले प्रयोग गर्ने लेखिएको छ । त्यस्तै भूपतिन्द्र मल्लले आफ्ना बुबाको कामलाई निरन्तरता दिन ढुङ्गामा अभिलेख कुँदाएको पाइएको छ । पशुपतिका पुजारी भट्टको समेत यहाँ अभिलेख रहेको उहाँले जानकारी दिनुभयो ।

दुर्लभ चट्टान अभिलेख स्थानीय बासिन्दाले नदेखेको भने होइन तर चट्टानको विषयमा कहिल्यै नसुनेको कारण तत्कालीन समयमा उक्त अभिलेखहरू देउताको अक्षर वाणी भनी धार्मिक आस्थाले पुज्दै आइरहेका र अहिले त्यसको उचित संरक्षण आवश्यक रहेको स्थानीय राजेन्द्र थापा बताउनुहुन्छ ।

विश्वमा नै अत्यन्त दुर्लभ मानिने चट्टान अभिलेखबारे सन् १८८० मा भारतका अध्येता भगवान्लाल इन्द्रजीले पहिलोपटक नेपालमा अध्ययन गरेको पाइएको छ । त्यसको १३० वर्षपछि नेपालमा चट्टान अभिलेख भेटिए पनि यसको संरक्षण नुहुनु चिन्ताको विषय बनेको डा श्रेष्ठ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, ''यो चट्टान अभिलेख ताथलीको, भक्तपुरको मात्र नभई सिंगो नेपालको राष्ट्रिय सम्पत्ति हो, यो विश्वको सारा मानव जातिको साझा सम्पदा हो, अपशोच हामीले पत्ता लगाएको १६ वर्ष बितिसक्दा पनि पुरातत्व विभागले तार-बार लाउने बाहेक संरक्षणको कुनै पहल गरेको छैन । यसको संरक्षणको दायित्व पुरातत्व विभागको हो ।''

विगतको अवस्था सम्झदै उहाँ भन्नुहुन्छ, ''मैले विद्यार्थीहरूलाई संस्कृति विषय पढाउने क्रममा अभिलेखको विषयमा पढाउँदै थिएँ, त्यही क्रममा ताथलीबाट आउने मेरा विद्यार्थी मुना केसी र किशोर श्रेष्ठले आफ्नो घर नजिकै पनि ढुङ्गामा लेखिएको अभिलेख रहेको बताएपछि म त्यहाँ गएँ'', श्रेष्ठ भन्नुहुन्छ । ती चट्टानमा काठमाडौंका राजा प्रताप मल्ल, भक्तपुरका जगतज्योति मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ललगायत पशुपतिका भट्टको समेत अभिलेख कुँदिएको आफूले पाएको उहाँको भनाइ छ ।

उहाँले स्थानीय जनता यसको पहरेदारको रुपमा रहेको भन्दै उहाँले चट्टान अभिलेखदेखि ताथली गढीसम्मलाई संरक्षण गर्दै विश्वका अनुसन्धान र अध्ययनका लागि आउने केन्द्रको रुपमा विकास गर्न सकिने बताउनुभयो । यसलाई धार्मिक, शैक्षिक र ऐतिहासिक पयटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक रहेको बताउदै उहाँले यो तत्कालीन समयमा उपत्यकाका महत्वपूर्ण प्रस्तर मूर्तिहरु निर्माणका लागि ढुङ्गा लैजाने यही ठाउँ रहेको र यसका लागि भक्तपुर र काठमाडौँका राजाहरुबीच तँछाडमछाड हुने गरेको तथ्य पाइएको बताउनुभयो ।

नेपाल मण्डलका प्रस्तर मूर्ति निर्माणका लागि चाँगुनारायणको डाँडादेखि ताथलीको चट्टान अभिलेख रहेको क्षेत्रसम्मका ढुङ्गाहरु लैजाने इतिहास पाइएको भन्दै यहाँका ढुङ्गा आफैँमा महत्वपूर्ण रहेको उहाँ बताउनुहुन्छ । यहाँका अभिलेखमा मल्लकालीन राजा र पुजारीहरूले मन्दिर, धारा र कलात्मक वस्तुको निर्माणका लागि ढुङ्गा लिन गएको विवरण उल्लेख गरेको छ । ती क्षेत्रमा उत्खनन् गर्नसके अन्य विविध जानकारीयुक्त अभिलेख समेत फेला पर्न सक्ने इतिहासविद् डा. श्रेष्ठ बताउनहुन्छ । ताथलीमा ढुङ्गाको नवपाषाण युगको अभिलेखले इसापूर्व आठ हजार वर्षअगाडि नै काठमाडौँ उपत्यकामा मानव बस्ती भएको सङ्केत गरेको छ ।

बागमती प्रदेशका पर्यटन तथा संस्कृतिमन्त्री सुरेश श्रेष्ठले केही दिनअघि मात्रै चट्टान अभिलेख रहेको क्षेत्रको अनुगमन, निरीक्षण गरेको बताउँदै यसको संरक्षणका लागि मन्त्रालयले आउँदो वर्षको बजेटमा बजेटको व्यवस्थापन गर्ने बताउनुभयो । मन्त्री श्रेष्ठले भन्नुभयो, '' हाम्रै आँगनमा विश्वमै दुर्लभ मानिने ऐतिहासिक संरचनाहरु रहेका छन्, संरक्षणको पर्खाइमा रहेका यस्ता राज्यको सम्पत्तिको संरक्षणमा मैले चासो दिएको छु, यस्ता सम्पदा फृरी बनाउँछु भनेर सकिदैन, त्यसैले आउँदो बजेटमा यसको संरक्षणका लागि सक्दो बजेटको व्यवस्थापन गर्नेछु ।''

खुला आकासमुनि खुला सङ्ग्रहालयको रुपमा रहेको यस अभिलेखलाई संरक्षण र सम्वर्द्धन गर्नु तथा चट्टानमा कुँदिएका अक्षर र चित्रको थप अनुसन्धान र संरक्षणको आवश्यक रहेको बताउँदै बजेट अभावमा आफ्नो पालामा तार-बार लगाएर घेर्ने कामसम्म गरेको पुरातत्व विभाग दरबार हेरचाह कार्यालयकी तत्कालीन प्रमुख अरुणा नकर्मी बताउनुहुन्छ ।

चट्टान अभिलेख विश्वमै दुर्लभ मानिन्छ । भारतमा ईसापूर्व तेस्रो शताब्दीका सम्राट अंशुवर्माकालीन थोरै अभिलेख मात्रै पाइएका छन् । चट्टान अभिलेख भेट्टाउनु नै ठूलो उपलब्धि भएको बताउँदै उहाँले यसले इतिहास लेखनमा एउटा नयाँ आयाम थपेको र अन्यत्र पनि यस्ता अभिलेख हुनसक्ने भएकाले थप अनुसन्धान आवश्यक रहेको छ भन्नुभयो ।

चाँगुनारायण नगरपालिका-९ का वडाध्यक्ष गणेश त्यातले आफ्नै वडामा रहेको ऐतिहासिक धरोहरको संरक्षणमा वडा र पालिकाले केही गर्न नसकेको बताउनुहुन्छ । उहाँले यसका लागि पालिकासँग बजेट नभएको बताउदै प्रदेश र सङ्घीय सरकार एवं पुरातत्व विभागले यसको संरक्षणमा चासो दिन आवाज उठाइरहेको उहाँ बताउनुहुन्छ ।

यस क्षेत्रमा विभिन्न विद्यालय तथा कलेजका विद्यार्थीहरु अध्ययनको सिलसिलामा पुग्ने गरेका छन् भने आन्तरिक तथा बाह्य पर्यटकको आगमन हुन थालेको छ । विदेशी अध्ययन र अनुसन्धानकर्ताहरुको पनि यहाँको अध्ययन लागि आउने गरेका छन् । जङ्गल, पहाडी क्षेत्र, फराकिलो सडकको पहुँचभन्दा बाहिर भएकाले वर्षा लागेपछि यस क्षेत्रमा आउने अध्ययन अनुसन्धानकर्ता एवं पर्यटक भने जान समस्या हुने गरेको छ ।

यसको आसपासका फाँट क्षेत्रमा स्थानीयले धान र गहुँ उत्पादन गर्दै खेती गर्दै आएका छन् । कतिपय ढुङ्गामा कुदिएका अभिलेखहरु स्थानीयको निजी जग्गामा परे पनि यसको संरक्षण गर्न र बिग्रन नदिन स्थानीय वासिन्दा सक्रिय देखिन्छन् । रासस

# हिन्दूकुश हिमालय क्षेत्रमा जलवायुजन्य विपद् बढ्दै



काठमाण्डु । जलवायु परिवर्तनका कारण हिन्दूकुश हिमालय क्षेत्रमा जलवायुजन्य विपद्का घट्ना बढ्दै गएका छन् । पछिल्लो तथ्याङ्कअनुसार यस क्षेत्रमा गत वर्षमा मात्रै १० ठूला विपद्का घट्ना भएका छन् ।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का अनुसार हिन्दूकुश क्षेत्रका आठ देशमध्ये भारत, नेपाल, बङ्गलादेश र भुटानले सन् २०२५ मा १० भन्दाबढी ठूला विपद्का घटना सामना गरेका थिए । यसले उक्त क्षेत्रको विपद्सम्बन्धी जोखिमप्रतिको बढ्दो संवेदनशीलतालाई उजागर गरेको छ ।

तथ्याङ्कले म्यानमार, पाकिस्तान र चीनमा पनि सन् २०२५ मा मनसुनजन्य बाढीको शृत्त ला देखिएको छ । जसले पूर्वाधार र जीविकोपार्जनमा व्यापक क्षति पुर्‍याएको उल्लेख गरेको छ । त्यस्तै, सन् २०२५ मा विश्वव्यापी रूपमा भएका विपद्मध्ये ठूलो हिस्सा एसियामा परेको थियो । यसको प्रभाव दक्षिण तथा पूर्वी एसियाका भाग समेटिएका हिन्दूकुश क्षेत्रमा पनि देखिएको छ ।

उक्त तथ्याङ्कअनुसारले यस क्षेत्रका देशले सन् २०२४ मा मात्र यस्ता घटनाबाट छ अर्ब अमेरिकी डलरभन्दा बढी आर्थिक क्षति व्यहोरेका थिए । जसमा अधिकांश क्षति बाढी, पहिरो र आँधीजस्ता पानीजन्य विपद्सँग सम्बन्धित छन् । यो अवस्था सन् २०२५ मा पनि जारी रह्यो ।

तीव्र मनसुनी वर्षाले बङ्गलादेश, भारत, नेपाल, पाकिस्तानलगायत हिन्दूकुश क्षेत्रका विभिन्न देशमा पटकपटक बाढी र पहिरो निम्त्यायो । हिमताल विस्फोटजन्य बाढीजस्ता अन्य विपद्का घटना पनि केही स्थानमा रिपोर्ट गरिएका थिए । यस वर्षभरी क्षेत्रभर करिब १२ लाख नागरिक विस्थापित भए वा प्रत्यक्ष रूपमा विपद्बाट प्रभावित भएको तथ्याङ्कमा उल्लेख छ ।

**गत वर्ष विषद्बाट १६९ अर्ब अमेरिकी डलर क्षति**

विश्वव्यापी रूपमा सन् २०२५ मा विपद्सम्बन्धी आर्थिक क्षति १६९ अर्ब अमेरिकी डलरभन्दा बढी भएको अनुमान गरिएको थियो । यसको तुलनामा हिन्दूकुश हिमालय क्षेत्रमा अभिलेखित क्षतिले जटिल भू-भौगोलिक संरचना र उच्च जोखिमयुक्त अवस्थाले चरम मौसमीय घटनालाई कसरी असमान रूपमा गम्भीर प्रभावमा परिणत गर्छ भन्ने देखाएको छ ।

अनुसन्धानकर्ताले हिमालय क्षेत्रमा विपद्को बढ्दो प्रभावलाई बहुविपद् घटनाको बढ्दो प्रवृत्तिसँग जोडेका छन् । बहुविपद् भन्नाले बाढी, पहिरो वा खडेरीजस्ता एकभन्दा बढी प्रकारका विपद् एउटै समयमा हुने वा एउटा विपद्ले अर्को विपद् निम्त्याउने अवस्थालाई जनाउँछ ।

इसिमोडका महानिर्देशक पेमा ग्याम्त्सोले हालका वर्षले पर्वतीय क्षेत्रमा बाढी, पहिरो तथा अन्य विपद् बढ्दो रूपमा देखिएको बताउनुभयो । उहाँले भन्नुभयो, “यसले घर, पूर्वाधार र अत्यावश्यक सेवामा हुने क्षतिलाई अझ बढाइरहेको छ ।” यस क्षेत्रका विगतका उदाहरणमा सन् २०१३ मा उत्तराखण्डको केदारनाथ बाढी, भारतको सिक्किममा सन् २०२३ मा भएको दक्षिण ल्होनाक हिमताल विस्फोटजन्य बाढी, तथा नेपालमा सन् २०२१ मा आएको मेलम्ची बाढी समावेश छन् ।

सन् १९७५ देखि २०२४ सम्मको दीर्घकालीन तथ्याङ्कले भने सन् २०१३ पछि हिन्दूकुश हिमालय क्षेत्रमा विपद् का कारण हुने मृत्यु दर र प्रभावित नागरिकको स¤्यामा कमी आएको देखाएको छ । विश्लेषकहरूले पूर्वतयारी र प्रारम्भिक चेतावनी प्रणालीमा सुधार यसको कारण हुनसक्ने उल्लेख गरेका छन् ।

जलविज्ञ मनिष श्रेष्ठले विपद्का घट्ना बढ्नु चिन्ताजनक भए पनि सन् २०१३ पछिको प्रवृत्तिले यस क्षेत्रमा विपद्बाट बर्सेनि कम नागरिक प्रभावित भइरहेको सङ्केत गरेको उल्लेख गर्नुभयो । “यसले हिन्दूकुश क्षेत्रका केही भागमा राम्रो जलवायु सेवा र पूर्वतयारीलाई प्रतिविम्बित गर्न सक्छ”, उहाँले भन्नुभयो, “जोखिम निरन्तर बढिरहेकाले पूर्वतयारी र योजनामा निरन्तर लगानी आवश्यक छ ।”

नेपालको पूर्वी क्षेत्रमा सन् २०२४ मा खाँदो नदी किनारमा रहेको बाढी प्रारम्भिक चेतावनी प्रणालीबाट जारी गरिएको सूचनाले तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने करिब ६० हजार नागरिकलाई सचेत गराउन र सुरक्षित स्थानमा सार्न सहयोग गरेको थियो ।

इसिमोडका जलविभाग प्रमुख निरा श्रेष्ठ प्रधानले आफूहरुले बाढी प्रारम्भिक चेतावनी प्रणालीबारे समुदायको अपनत्व र सहभागिताका लागि निरन्तर पैरवी गर्दै आएको बताउनुभयो । “यी प्रणाली कम लागतका छन्, लगभग वास्तविक समयमा सूचना प्रदान गर्छन् र तिनको सञ्चालन तथा मर्मतका लागि सीमित बजेट मात्र आवश्यक पर्छ”, उहाँले भन्नुभयो, “अझ महत्वपूर्ण कुरा, यस्ता प्रणालीहरूले पटकपटक प्रमाणित गरेका छन् कि स्थानीय नेतृत्वमा गरिने अनुकूलनका लागि स्थानीय आवश्यकता र सन्दर्भअनुसारका समाधान आवश्यक हुन्छन् ।”रासस

## विद्यार्थीद्वारा तयार पारिएका पौभा कला प्रदर्शनीमा



काठमाण्डु । परम्परागत पौभा कला सिकेर तयार पारिएका कला प्रदर्शनीमा राखिएका छन् । बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा ‘आरम्भ’ शीर्षकमा विद्यार्थीले तयार पारेका पौभा प्रदर्शनीमा सजिएका हुन् ।

पौभा कला सिक्नु भनेको आकृति कोर्नु मात्रै नभई अनुशासन, समर्पण र अन्तरमनसँग जोडिने विषयमा ज्ञान प्राप्त भएको विद्यार्थीहरूले अनुभव सुनाउनुभयो । उहाँहरूद्वारा निर्मित पौभा कलाले परम्परागत कलातर्फ युवापुस्ताको अग्रसरता बढ्दै गएको अनुभूति भएको सिद्धार्थ आर्ट ग्यालरीका निर्देशक सङ्गीता थापाले बताउनुभयो । “पौभा कलाप्रति युवाहरूको सिकाइले सांस्कृतिक संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्छ”, उहाँले भन्नुभयो, “सामूहिक सिकाइले अन्तर पुस्ता आदानप्रदान पनि गर्दछ ।”

प्रदर्शनीमा अलिश श्रेष्ठ, अनिकेत सिंह, अनिल बुद्धाचार्य, आशिष शाक्य, अश्म कंठ, वर्ष लेखी, विकेश शाक्य, दुर्गा बजगाई, एलिजा शाक्य, गगनकुमार ज्यापू, गणेश विश्वकर्मा, जेनी महर्जन, क्रिस्टिना डङ्गोल, लसता शाक्य, लक्ष्मी तामाङ, मनमिका मैनाली, मेरी घिताल, नदीम महर्जन, नरेन्द्र मल्ल, निशा तुलाधर, पलेशवान लामा, प्रसुन कुमार, रोमा लिम्बू, रुबिना प्रजापति, श्रेया मानन्धर, श्रेया तामाङ, श्याम घिमिरे, स्नेहा बज्राचार्य, सोनिशा महर्जन, श्रीप्रिया श्रेष्ठ, सुदन सिंह ठकुरी, सुजना सिंह र सुस्मिता श्रेष्ठले ‘ कला आकार’ शीर्षकमा पौभा कला कोर्नुभएको छ ।

त्यस्तै, प्रदर्शनीमा मनोज सिंखवाल, प्रियङ्का डङ्गोल, रोशन खाजु, सुबोध शाक्य, स्वर्णिम शाक्य र सुन्दर श्रेष्ठले मुख आकृति कोर्नुभएको छ । प्रदर्शनी आगामी जेठ ११ गतेसम्म सञ्चालन हुनेछ । रासस

## सहिद दशरथ चन्द स्वास्थ्य विश्वविद्यालयमा उपकुलपति छनोट प्रक्रिया अघि बढ्यो

काठमाण्डु । सहिद दशरथ चन्द स्वास्थ्य विश्वविद्यालयको उपकुलपति र रजिस्ट्रार छनोटका लागि तीन सदस्यीय सिफारिस समिति गठन गरिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा बुधबार बसेको विश्वविद्यालय सभा (सिनेट) बैठकले प्राडा जयराज अवस्थीको संयोजकत्वमा समिति गठन गर्ने निर्णय गरेको हो । समितिका सदस्यमा प्राडा लोचना श्रेष्ठ र प्राडा दिनेश लम्साल रहनुभएको छ ।

प्राडा अवस्थी सुदूरपश्चिम विश्वविद्यालयका संस्थापक उपकुलपतिसमेत हुनुहुन्छ । विश्वविद्यालयका अनुसार समिति सहिद दशरथ चन्द स्वास्थ्य विश्वविद्यालय ऐन २०८२ बमोजिम गठन गरिएको हो ।

बैठकले विभिन्न क्षेत्रको प्रतिनिधित्व सुनिश्चित गर्दै छ जना विश्वविद्यालय सभा सदस्य (सिनेटर) पनि मनोनयन गरेको छ । विज्ञान तथा प्रविधि, शिक्षा, कानुन, व्यवस्थापन, मानवशास्त्र तथा समाजशास्त्र क्षेत्रबाट दुई महिलासहित विशिष्ट व्यक्तिहरूलाई सिनेटमा समावेश गरिएको जनाएको छ ।रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय सिरहाको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम :कृ.बि.बैंक लि. शाखा कार्यालय. सिरहा**

| क्र.सं. | नाम | पिता/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | आइ.डि.नं. | मिसिल नं. | उद्देश्य | साँवा | २०८२ बैशाख ३० सम्मको ब्याज | जम्मा तिनुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री आवर चोइस कलेक्सन (प्रो. गिता कुमारी मण्डल) | राम प्रसाद मण्डल | राम लखन मण्डल | सिराहा-७ सिराहा | १८३४७६९ | १०४१५ | ब्यापार कर्जा | २०००००० | २७११०३ | २२७११०३ |
| २ | रमेश कुमार यादब | राम प्रवोध यादब | नथुनि यादब | सिराहा-१७ सिराहा | ५३२१२७० | १११७९ | सरल कृषि कर्जा | १६५०००० | १५९८५३ | १८०९८५३ |
| ३ | श्री राजन कम्प्पुद्दर ईन्स्दिच्युद (प्रो. राजन कूमार दास) | राम दयाल दास | मोती दास | सिराहा-७ सिराहा | ८३९६४९ | ७६१९ | सेवा कर्जा | २१०७५०० | ७७३०१० | २८८०५१० |
| | | | | | | | जम्मा | ५७५७५०० | ५७८७९६६ | ११५४५४६६ |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# लोसपा लोप

प्रतिनिधि सभाको चुनाव पूर्व लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) र जनता समाजवादी पार्टी(जसपा)नेपाल एकीकरण भएको थियो।त्यो एकीकरणमा अन्य दलहरु पनि रहेका थिए।तर ती दलहरु चुनाव अगावै अलग बाटो लिएको थियो।लोसपा र जसपा नेपालबीच मुख्यरुपमा एकीकरण भएको थियो।चुनावमा लोसपा र जसपा नेपालबीचको एकीकरणले कुनै असर देखाउन सकेन्।चुनाव अगावै जसपा नेपालका कयौं नेताले पार्टी छाडे।एकीकरणले लोसपा र जसपाका नेताहरुमा उत्साह भन्दा पनि नैराश्यता देखियो।चुनावमा त्यसको गम्भीर असर पर्‍यो।लोसपा र जसपा मिलेसँगै मधेशमा एउटा पनि सिट जित्न सकेन्।दुबै दलले उठाएका उम्मेदवारहरु पराजित भए।जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र लोसपाका तत्कालीन अध्यक्ष महन्थ ठाकुरकी पुत्री पनि चुनावमा पराजित भइन्।बालेन्द्र शाह(बालेन)को नेतृत्वमा सरकार बनाउन सर्वाधिक योगदान मधेश प्रदेशले नै दियो।मधेश प्रदेशको प्रत्यक्ष तर्फको ३२ सिटमध्ये ३० सिटमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का उम्मेदवारहरु जिते।एक सिट पनि जित्न नसकेको जसपा नेपालका नेताहरु चुनावपछि झन निराश भए।उनीहरुले पार्टी एकीकरणबाट क्षति नै पुगेको महसुस गरे।पार्टी एकीकरणमा उपेन्द्र यादव कार्यकारी अध्यक्ष र महन्थ ठाकुर संरक्षक रहेका छन्।निर्वाचन आयोगले लोसपा र जसपा एकीकरण भएको स्वीकारेको छ।निर्वाचन आयोगले जसपा नेपाललाई आयोगमा दर्ता गरी लोसपाको दर्तालाई हटाएको छ।लोसपा अब लोप भइसकेको छ।यद्यपि जसपा नेपालमा लोसपाका कयौं प्रभावकारी नेताहरुलाई व्यवस्थापन गर्न बाँकी नै छ।संरक्षक र अध्यक्षको रुपमा दुबै दलका शीर्ष नेता स्थापित भए पनि अन्य नेताहरुको व्यवस्थापन अझै हुन सकेको छैन्।मधेश प्रदेश सभामा जसपा नेपालको संसदीय दल एकीकृत भइसकेको छ।तर दलको नेताको चयन हुन सकेको छैन्।जसपा नेपालमा हाल तीन जना पूर्व मुख्यमन्त्री छन्।उनीहरुको व्यवस्थापन आवश्यक छ।तीनै जना पूर्व मुख्यमन्त्री प्रदेश सभामा रहेकाले स्वार्थको टकराव हुनसक्ने सम्भावना पनि छ।जसपा नेपालमा विगतको जस्तो महन्थ ठाकुरको दबदबा रहने छैन्।उनी संरक्षकको भूमिकामा रहेकाले कार्यकारी अधिकार यादवले नै प्रयोग गर्ने छन्।हुन त लोसपा र जसपा नेपाललाई मिलाउने नेताहरु मध्येका जसपा नेपालका महासचिव रामकुमार शर्मा पार्टी छाडिसकेका छन्।अन्य कयौं नेताहरुको एकीकरणमा रुचि देखिएको छैन्।मधेश प्रदेशकै कयौं संसदीय र प्रदेश सभाको चुनावका लागि उपयुक्त उम्मेदवारको अभाव देखिन्छ।विगतमा उपेन्द्र यादवले जसपा नेपालका सबै तह र तप्काका नेताहरुलाई लामो समय दिएको प्रशिक्षणको समेत उल्टो असर परेको थियो।अबको बाटो पनि स्पष्ट छैन् ,एजेण्डाको अभाव समेत रहेको छ।

# सिमामा जनतालाई सास्ती तस्करलाई मस्ती



अनिल तिवारी

तस्करले भारतबाट राजस्व छलेर तस्करीमार्फत वीरगन्जमा भित्र्याएको ८ लाख भन्दा बढी मुल्यको कपडा प्रहरीले बरामद गरेको छ।पर्साका प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाका अनुसार वीरगन्ज महानगरपालिका वडा नम्बर ७ स्थित सडक खण्डमा चोरी पैठारी गरी सीमावर्ती भारतीय बजार रक्सौलबाट वीरगन्ज तर्फ ल्याउने क्रममा प्रहरीले ८ लाख ३९ हजार रुपैयाँ मूल्य बराबरको कुर्ता सुरवाल, टप्स र होली टप्स बरामद गरेको हो।

सिमामा शस्त्र र जनपथको कडाई र भारतीय एस एस बि तथा नेपालको तर्फ रहेको आधा दर्जन भन्दा बढी कडा चेकजाँचलाई छली सिमाबाट ३ किलोमिटर भित्र उक्त सामान पर्सा प्रहरीले बरामद गरेको हो।

प्रहरी नायब उपरीक्षक थापाका अनुसार मंगलबार दिउसै ३ बजेतिर प्रहरी टोली पुग्नासाथ पोके तस्करहरु कपडा छाडेर भागेका थिए। प्रहरीले २ हजार ३० पीस होलीको टप्स, २ सय ६४ पीस टप्स र २ सय ३० पिस कुर्ता सुरवाल बरामद गरेको थापाले बताए।

पर्सा र बाराका दुई स्थानबाट सशस्त्र प्रहरीले ठूलो परिमाणमा कपडा र किराना सामान बरामद गरेको छ। भारतबाट राजस्व छलेर भित्र्याइएको कपडा र किराना सामान गरी १४ लाख बढी मूल्यको सामान सशस्त्र प्रहरीले बरामद गरेको हो।

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीको बुधबार बिरगन्ज भ्रमणको ठिक एक दिन अगाडि पर्सा प्रहरीले तस्करी नियन्त्रण सक्रिय रहेको कुरालाई देखाउन गरिएको कार्यवाहिको रुपमा पनि लिन सकिन्छ।

यसै गरि बाराको विश्रामपुर गाँउपालिका वडा नम्बर ५ कटुवा वीर्ताटोलास्थित एक गोठमा लुकाएर भण्डारण गरि राखिएको १७ पोका कपडा सशस्त्र प्रहरीले बुधबार बरामद गरेको छ। सशस्त्र प्रहरी बल नेपालको १३ नम्बर गणका सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौंलाका अनुसार ठुलो मात्रामा कपडा बरामद गरिएको हो।

वीरगन्जबाट सशस्त्र प्रहरी नायब उपरीक्षक विकास अधिकारीको नेतृत्वमा खटिएको भन्सार कर्मचारी सहितको टोलीले बरामद गरेको उक्त कपडाको बजार मूल्य ११ लाख ७५ हजार रुपैयाँ रहेको निरौलाले बताए।

बाराका सशस्त्र प्रहरी र जनपथका प्रमुखहरुले तस्करीको लाइन खुलाएको सुचना पछि बीरगन्जभंसारको सक्रियतामा ठुलोमात्रामा कपडा बरामद गरिएको बताइन्छ।

यसैगरि शनिबार नै पर्साको जिराभवानी गााएपालिका वडा नम्बर १ बलुवास्थित नेपाल-भारत सीमा नजिजक रहेका घरहरुमा भण्डारण गरि राखिएको २ लाख ३५ हजार ५०० रुपैयाँको किराना सामानपनि बरामद गरिएको निरौलाले जानकारी दिए।

बरामद कपडा र किराना सामान आवश्यक कारबाहीका लागि शनिबार नै वीरगन्ज भन्सार कार्यालयमा बुझाइएको छ।

सरकारले एक सय भन्दा बढीको समान जनताले भारतबाट किनेर ल्याउदा भन्सार तिरेर ल्याउन पुरानो कानुनलाई लागु गरेको छ।जसले गर्दा सिमावर्ती जनताको जिवन यापनमा ठुलो कठिनाइ उत्पन्न भएको छ।

तर सिमाबाट दिउसै तस्करीले करोडौको समान सजिलै भित्र्याउन सक्रिय छन।

यता भारतको रक्सौलबाट वीरगञ्ज ल्याइएका अधिकांश लागूऔषध वीरगञ्ज भन्सार वा आइसीपी कार्यालयको चेकजाँज भएर नै आएको प्रहरीकै अनुसन्धानले देखाएको छ। केहि समय देखि नेपाल भारत बीच बढेको अबैध कारोबारले गर्दा हुन्डीको कारोबार समेत यो नाकामा फस्टाएको छ।भारतले सुनको भन्सार दर बढाएसंगै नेपालका पुराना सुन तस्करहरु सक्रिय हुन थालेको बताइन्छ।

नेपाल भारतबीचको सबै सीमा नाकामासँगै खटिएका जनपथ र सशस्त्र प्रहरीले सधैँ कडा चेकजाँच गर्दै आएपनि करोडौँका समानहरू वीरगञ्ज आसपास क्षेत्रको गोदामबाट जनपथ र शस्त्रप्रहरीलेनै छापा मारेर पक्राउ गर्दै आएको परम्परा बालेन सरकारमा पनि जारी छ।

यति मात्र होइन, नेपाल भारत दुबै तर्फका सुरक्षा निकायलेका लागि लागूऔषधको कारोबार नियन्त्रण सधैँको चुनौतीको विषय रहेको छ। तर जिल्ला भित्र पक्राउ हुने सबै हुन्डीको रकम तथा लागुपर्दाथ त्यही सिमानाका भएर आइगएको हुन्छ।

केहि दिन अगाडि मात्र पर्साको भुलवाही खोलाको झाडीमा लुकाएर राखिएको ठूलो परिमाणको लागू औषाध चरेस प्रहरीले बरामद गरेको छ। जीराभवानी गाँउपालिका वडा नम्बर ५ स्थित भलुवाही खोलाको झाडीमा लुकाएर राखिएको करिब १२ केजी चरेस प्रहरीले बरामद गरेको हो।

गोप्य सूचनाका आधारमा ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीबाट प्रहरी निरीक्षक प्रकाश थापाको नेतृत्वमा खटिएको प्रहरी टोलीले झाडीमा लुकाएर राखेको अवस्थामा एउटा बोरा खानतलासी गर्दा उक्त बोराबाट २४ वटा प्याकेटमा रहेको ११ किलो ९५० ग्राम चरेस बरामद गरेको हो।

जारी मिति : २०६२/०५/२६

**२. नाम : समिर थिङ लामा**
बाबुको नाम : काजीमान घिसिङ
बाजेको नाम : सन्त बहादुर भोलन
ठेगाना : इश्वरपुर - १२, सर्लाही
ना.प्र.प.नं. : १९-०२-७७-००२०६
जि.प्र.का. सर्लाही
जारी मिति : २०७७/०४/२३

**धितोको विवरण**

सुन कुमारी थिङको नाममा मालपोत कार्यालय हरीवन, सर्लाहीमा दर्ता रहेको खैरमारा खोर - ७, सर्लाही स्थित कित्ता नं. ७८५ को क्षेत्रफल ०-१-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### क्र.सं. १३.

**ऋणीको विवरण**

**नाम : माला बैठा**
पतिको नाम : ब्रजेश कुमार मिश्रा
ससुराको नाम : नागेश्वर मिश्रा
ठेगाना : हरीवन - ६, सर्लाही
ना.प्र.प.नं. : १९-०२-८०-०३६५५
जि.प्र.का. सर्लाही
जारी मिति : २०८०/०५/०७
**शाखा कार्यालय : लालबन्दी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : ब्रजेश कुमार मिश्रा**
बाबुको नाम : नागेश्वर मिश्रा
बाजेको नाम : सिताराम मिश्रा
ठेगाना : हरीवन - ६, सर्लाही
ना.प्र.प.नं. : ४९६२१४३०
जि.प्र.का. सर्लाही
जारी मिति : २०५९/०३/१३

**धितोको विवरण**

ब्रजेश कुमार मिश्राको नाममा मालपोत कार्यालय हरीवन, सर्लाहीमा दर्ता रहेको हरीवन - ६ च, सर्लाही स्थित कित्ता नं. ११५२ को क्षेत्रफल ०-०-११-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### क्र.सं. १४. ऋणीको विवरण

**नाम : कुम कुम कस्मेटिक पसल**
दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योगे कार्यालय, चन्द्रपुर
दर्ता नं. : ५९३३/६७१/८५, दर्ता मिति : २०७४/ १२/१५
रजिष्टर्ड कार्यालय : चन्द्रपुर - ६, रौतहट, **प्रोप्राइटर : राम प्रसाद गोसाई**

**नाम : राम प्रसाद गोसाई**
बाबुको नाम : निरस गोसाई, बाजेको नाम : टखन गोसाई
ठेगाना : भलोरीया - ९, रौतहट, हाल : चन्द्रपुर - ५, रौतहट
ना.प्र.प.नं. : ९२०, जि.प्र.का. रौतहट, जारी मिति : २०४३/१०/०५

**नाम : अनिल गोसाई**
बाबुको नाम : राम प्रसाद गोसाई, बाजेको नाम : निरस गोसाई
ठेगाना : चन्द्रनिगाहपुर - ६, रौतहट, हाल : चन्द्रपुर - ५, रौतहट
ना.प्र.प.नं. : २०८०/२५९६, जि.प्र.का. रौतहट, जारी मिति : २०६९/११/१५
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : अर्जुन गोसाई**
बाबुको नाम : राम प्रसाद गोसाई
बाजेको नाम : श्री निरस गोसाई
ठेगाना : चन्द्रनिगाहपुर - ६, रौतहट
हाल : चन्द्रपुर - ५, रौतहट
ना.प्र.प.नं. : ३२-०२-७७-०४६३७,
जि.प्र.का. रौतहट
जारी मिति : २०७७/१२/२५

**२. नाम : अनिल गोसाई**
बाबुको नाम : राम प्रसाद गोसाई
बाजेको नाम : निरस गोसाई
ठेगाना : चन्द्रनिगाहपुर - ६, रौतहट
हाल : चन्द्रपुर - ५, रौतहट
ना.प्र.प.नं. : २०८०/२५९६
जि.प्र.का. रौतहट
जारी मिति : २०६९/११/१५

**३. नाम : रिङ्की कुमारी गोसाई**
पतिको नाम : अनिल गोसाई
ससुराको नाम : राम प्रसाद गोसाई
ठेगाना : चन्द्रपुर - ५, रौतहट
ना.प्र.प.नं. : ३२२०८०/२९१०
जि.प्र.का. रौतहट
जारी मिति : .२०७३/०३/१४

**४. नाम : निलम देवी**
पतिको नाम : राम प्रसाद गोसाई
ससुराको नाम : निरस गोसाई
ठेगाना : भलोरीया - ९, रौतहट
हाल : चन्द्रपुर - ५, रौतहट
ना.प्र.प.नं. : ३१८, जि.प्र.का. रौतहट
जारी मिति : २०५२/०८/०५

**धितोको विवरण**

राम प्रसाद गोसाईको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुरमा दर्ता रहेको चन्द्रनिगाहपुर - ६, रौतहट स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० तथा डुमरीया म. - १, रौतहट हाल चन्द्रपुर - १०, रौतहट स्थित कित्ता नं. ९०८ को क्षेत्रफल ०-४-१५ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### क्र.सं. १५. ऋणीको विवरण

**नाम : शेख मोमताज**
बाबुको नाम : शे. अब्दुल हक, बाजेको नाम : शे. हारुन
ठेगाना : कनकपुर - २, रौतहट, हाल : गुजरा - ४, रौतहट
ना.प्र.प.नं. : ३२२०६३-८६२, जि.प्र.का. रौतहट, जारी मिति : २०६४/१२/०४
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : अमनतारा खातुन**
पतिको नाम : शेख मोमताज
ससुराको नाम : शे. अब्दुल हक
ठेगाना : गुजरा - ४, रौतहट
ना.प्र.प.नं. : ३२-०२-७४-००८०७,
जि.प्र.का. रौतहट
जारी मिति : २०७४/०२/३०

**२. नाम : शे. अब्दुल हक**
बाबुको नाम : शे. हारुन
बाजेको नाम : शे. सुजाइत
ठेगाना : कनकपुर - २, रौतहट
हाल : गुजरा - ४, रौतहट
ना.प्र.प.नं. : २६९१, जि.प्र.का. रौतहट
जारी मिति : २०४४/१२/१८

**३. नाम : जाहारा खातुन**
पतिको नाम : शे. अब्दुल हक, ससुराको नाम : शे. हारुन
ठेगाना : कनकपुर - २, रौतहट, हाल : गुजरा - ४, रौतहट
ना.प्र.प.नं. : ३२३०६३/६, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/११/२७

**धितोको विवरण**

शेख मोमताजको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुरमा दर्ता रहेको कनकपुर - ३, रौतहट स्थित कित्ता नं. ६२० को क्षेत्रफल ०-१-१-१२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### क्र.सं. १६.

**ऋणीको विवरण**

**नाम : कृष्ण साह तुरहा**
बाबुको नाम : भिखर साह तुरहा
बाजेको नाम : विसुन साह तुरहा
ठेगाना : गम्हरिया पर्सा - १, रौतहट
हाल : चन्द्रपुर - ४, रौतहट
ना.प्र.प.नं. : ३४३०३०/२९
जि.प्र.का. रौतहट
जारी मिति : २०६३/१२/१७
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : बबिता देवी**
पतिको नाम : कृष्ण साह तुरहा
ससुराको नाम : भिखर साह तुरहा
ठेगाना : गम्हरिया पर्सा - १, रौतहट
हाल : चन्द्रपुर - ४, रौतहट
ना.प्र.प.नं. : ३४-०१-७४-००५७७
जि.प्र.का. रौतहट
जारी मिति : २०७४/०१/१४

**धितोको विवरण**

कृष्ण साह तुरहाको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुरमा दर्ता रहेको चन्द्रनिगाहपुर - १, रौतहट स्थित कित्ता नं. १४ को क्षेत्रफल ०-०-१०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### क्र.सं. १७. ऋणीको विवरण

**नाम : अलि हसमत**
बाबुको नाम : हफिज मिया, बाजेको नाम : मसुद मिया
ठेगाना : गम्हरिया पर्सा - ६, रौतहट, हाल : गढीमाई - ३, रौतहट
ना.प्र.प.नं. : ४४५, जि.प्र.का. रौतहट, जारी मिति : २०४७/०४/३०
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : ओहीदा खातुन**
पतिको नाम : अलि हसमत
ससुराको नाम : हफिज मिया
ठेगाना : गम्हरिया पर्सा - ६, रौतहट
हाल : गढीमाई - ३, रौतहट
ना.प्र.प.नं. : ०३२३०७७/३२५
जि.प्र.का. रौतहट
जारी मिति : २०६३/१२/२४

**२. नाम : मो. सज्जाद आलम**
बाबुको नाम : अलि हसमत
बाजेको नाम : हफिज मिया
ठेगाना : गम्हरिया पर्सा - ६, रौतहट
हाल : गढीमाई - ३, रौतहट
ना.प्र.प.नं. : ३२-०१-७०-०६७२५
जि.प्र.का. रौतहट
जारी मिति : २०७०/११/१५

**धितोको विवरण**

राम प्रसाद गोसाईको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुरमा दर्ता रहेको गम्हरिया - ५ ख, रौतहट स्थित कित्ता नं. १४५ र १४४ को क्षेत्रफल क्रमश: ०-१२-१.२ र ०-१२-२ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### क्र.सं. १८. ऋणीको विवरण

**नाम : मदन ठाकुर**
बाबुको नाम : ठकाई ठाकुर, बाजेको नाम : बलिया ठाकुर
ठेगाना : जनकपुर - १३, धनुषा
ना.प्र.प.नं. : ६७७४१९९०, जि.प्र.का. धनुषा, जारी मिति : २०४५/०२/०६
**शाखा कार्यालय : लोहारपट्टी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : श्याम सुन्दर ठाकुर**
बाबुको नाम : मदन ठाकुर
बाजेको नाम : ठकाई ठाकुर
ठेगाना : जनकपुर - १३, धनुषा
ना.प्र.प.नं. : १७११०२/४९६२
जि.प्र.का. धनुषा
जारी मिति : २०६७/११/२२

**२. नाम : विभा कुमारी**
पतिको नाम : श्याम सुन्दर ठाकुर
ससुराको नाम : मदन ठाकुर
ठेगाना : जनकपुर - १३, धनुषा
ना.प्र.प.नं. : १७-०१-७६-१३३८३
जि.प्र.का. धनुषा
जारी मिति : २०७६/०९/०६

**धितोको विवरण**

मदन ठाकुरको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको जनकपुर -. १३, धनुषा, नक्सा सिट नं. १३१५-१६ स्थित कित्ता नं. २०७ को क्षेत्रफल ०-०-११-१¼ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### क्र.सं. १९. ऋणीको विवरण

**नाम : आरुषी किराना पसल**
दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी
दर्ता नं. ६३९४/७५/०७७/०७८, दर्ता मिति २०७७/०६/०६
ठेगाना : लोहारपट्टी - २, महोत्तरी
**संचालक तथा शेयरधनी : दिनेश साह कानु, शाखा कार्यालय : लोहारपट्टी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : दिनेश साह कानु**
बाबुको नाम : शिव नारायण साह कानु
बाजेको नाम : जुडी साह कानु
ठेगाना : बगडा - ८, महोत्तरी
हाल : लोहारपट्टी - २, महोत्तरी
ना.प्र.प.नं. : ०४३३३१९६
जि.प्र.का. महोत्तरी
जारी मिति : २०४५/०१/१५

**२. नाम : मनोज कुमार साह कानु**
बाबुको नाम : दिनेश साह कानु
बाजेको नाम : शिव नारायण साह कानु
ठेगाना : बगडा - ८, महोत्तरी
हाल : लोहारपट्टी - २, महोत्तरी
ना.प्र.प.नं. : १८३०४०/६५४
जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/११/०७

**३. नाम : सरोज कुमार साह**
बाबुको नाम : दिनेश साह कानु
बाजेको नाम : शिव नारायण साह कानु
ठेगाना : बगडा - ८, महोत्तरी
हाल : लोहारपट्टी - २, महोत्तरी
ना.प्र.प.नं. : १८-१-०४०/९२
जि.प्र.का. महोत्तरी
जारी मिति : २०६६/०३/०९

**४. नाम : आशा देवी**
पतिको नाम : मनोज कुमार साह कान
ससुराको नाम : दिनेश साह कानु
ठेगाना : लोहारपट्टी - २, महोत्तरी
ना.प्र.प.नं. : १८-०१-७८-००५७२
जि.प्र.का. महोत्तरी
जारी मिति : २०७८/०३/२३

**धितोको विवरण**

दिनेश साह कानुको नाममा मालपोत कार्यालय जलेश्वरमा दर्ता रहेको महदैया तपनपुर - ५ ख, महोत्तरी स्थित कित्ता नं. ४९१ को क्षेत्रफल ०-०-१४¼-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

### क्र.सं. २०. ऋणीको विवरण

**नाम : रुकमिनिया देवी**
पतिको नाम : राम दयाल मंडल, ससुराको नाम : झगरु मंडल धानुक
ठेगाना : लोहारपट्टी - ४, महोत्तरी हाल : लोहारपट्टी - ६, महोत्तरी
ना.प्र.प.नं. : १८-३-०४१/५७४, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६३/११/१९
**शाखा कार्यालय : लोहारपट्टी**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : झगरु मंडल धानुक**
बाबुको नाम : जिवलाल मंडल धानुक
बाजेको नाम : ठकाई मंडल
ठेगाना : लोहारपट्टी - २, महोत्तरी
हाल : लोहारपट्टी - ६, महोत्तरी
ना.प्र.प.नं. : ५५५६३१०९
जि.प्र.का. महोत्तरी
जारी मिति : २०३२/०१/१६

**२. नाम : राम दयाल मंडल**
बाबुको नाम : झगरु मण्डल धानुक
बाजेको नाम : जिवलाल मंडल धानुक
ठेगाना : लोहारपट्टी - ४, महोत्तरी
हाल : लोहारपट्टी - ६, महोत्तरी
ना.प्र.प.नं. : १८३०४१/१२९
जि.प्र.का. महोत्तरी
जारी मिति : २०७०/०१/२७

**धितोको विवरण**

झगरु मंडल धानुकको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता रहेको लोहारपट्टी - २ क, महोत्तरी स्थित कित्ता नं. २८० को क्षेत्रफल १-०-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । *(बाँकी पृष्ठ ७ मा)*

# उत्पादन, रोजगारी र सुशासनमा सांसदहरूको जोड



काठमाण्डु । राष्ट्रियसभाको आजको बैठकमा सांसदहरुले सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै राष्ट्रिय उत्पादन वृद्धि, युवालाई स्वदेशमै रोजगारी, सुकुमवासी समस्या समाधान तथा सुशासनका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

छलफलमा भाग लिँदै सांसद चन्द्रबहादुर केसीले नेपाली श्रमशक्ति निरन्तर विदेशिने र गाउँबस्ती रित्तिँदै जाने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताउनुभयो । उहाँले राष्ट्रिय उत्पादन वृद्धि र स्वदेशमै रोजगारी सिर्जनालाई प्राथमिकता दिने विषयमा नीति तथा कार्यक्रम प्रभावकारी बन्न नसकेको टिप्पणी गर्नुभयो ।

सरकारले चुनावअघि राष्ट्रिय स्वतन्त्र पार्टीले गरेको वाचापत्रअनुसार काम गर्नुपर्ने उल्लेख गर्दै उहाँले विदेशिएका नेपालीलाई स्वदेश फर्काउने वातावरण बनाउनुपर्छ भन्नुभयो ।सांसद केसीले प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धमा नीति तथा कार्यक्रममा स्पष्टता नभएको बताउनुभयो ।

सांसद जयन्तीदेवी राईले नीति तथा कार्यक्रममा केही सकारात्मक पक्ष भए पनि जनअपेक्षाअनुसारका विषय समेटिन नसकेको बताउनुभयो । उहाँले दिगो विकास हासिल गर्ने स्पष्ट नीति अभाव रहेको उल्लेख गर्दै उद्यमी तथा मध्यमवर्गलाई कर छुट दिने व्यवस्था सकारात्मक रहेको बताउनुभयो ।

सांसद राईले शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्ने स्पष्ट नीति आवश्यक रहेको बताउँदै तीनखम्बे अर्थनीतिको विषय नीति तथा कार्यक्रममा उल्लेख नभएको टिप्पणी गर्नुभयो ।

साथै सामाजिक न्याय र लोककल्याणकारी राज्यको अवधारणा पनि नीति तथा कार्यक्रममा पर्याप्त रूपमा नसमेटिएको उहाँको भनाइ थियो ।

यसैगरी, सांसद रामकुमारी झाँक्रीले नीति तथा कार्यक्रममा बुँदा घटाइएको र पुरानै विषयको निरन्तरता मात्रै देखिएको बताउनुभयो । उहाँले सुशासन र आर्थिक समृद्धिको स्पष्ट मार्गचित्रसहित बजेट आउनुपर्ने धारणा राख्नुभयो ।

सांसद झाँक्रीले भू-उपयोग सम्बन्धी कानुन संशोधन गरी सिँचाइ व्यवस्थालाई प्रभावकारी बनाउने तथा भूमिको उचित व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो । रासस

# नीति तथा कार्यक्रममा कृषिको व्यावसायिकीकरण, पर्यटन प्रवर्द्धन र रोजगारी वृद्धिका विषय समावेश गर्न आग्रह

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा आफ्ना संशोधन प्रस्तुत गर्दै सांसदहरुले कृषिको व्यावसायिकीकरण, पर्यटन प्रवर्द्धन, रोजगारी र समृद्धिका विषयहरू समावेश गर्न आग्रह गर्नुभएको छ । नीति तथा कार्यक्रममा ३५ जना सदस्यले संशोधनको प्रस्ताव गर्नुभएको हो ।



बैठकमा सांसद सुहाङ नेम्वाङले नीति तथा कार्यक्रममा उत्साह र भरोसा जगाउने प्रस्तावमा आफ्नो समर्थन रहेको बताउँदै संविधान संशोधनजस्ता राष्ट्रिय भावलाई जोड्नुपर्ने बताउनुभयो ।

सांसद क्षितिज थेवेले सुशासनका विषय नीति तथा कार्यक्रममा राखिनु सकारात्मक रहे पनि पर्यटन प्रवर्द्धनका प्रभावकारी कार्यक्रम समावेश गर्न आग्रह गर्नुभयो ।

सांसद गणेशसिंह ठगुन्नाले नीति तथा कार्यक्रममा संशोधनको प्रस्ताव प्रस्तुत गर्दै कालापानी, लिपुलेक र लिम्पियाधुराको भूमिलाईवास्तविकअर्थमानेपालको अधीनमा ल्याउन भारतसँग कूटनीतिक पहल गर्ने विषय नीति तथा कार्यक्रममा समावेश नहुनु दुःखद भएको टिप्पणी गर्नुभयो ।

सांसद डा अर्जुनकुमार कार्कीले आर्थिक कूटनीतिलाई महत्व दिएर वैदेशिक सहयोग र सहकार्य बढाइ मुलुकलाई विकासशील राष्ट्रका रुपमा स्तरोन्नति गर्ने कार्यक्रम समावेश गर्न आग्रह गर्नुभयो ।

सांसद युवराज दुलालले वन क्षेत्रलाई राष्ट्रिय उत्पादकत्व वृद्धिमा उपयोग गराउने प्रस्ताव नीति तथा कार्यक्रममा नआएको बताउनुभयो । अर्का सांसद ऐनबहादुर महरले नीति तथा कार्यक्रम शब्दहरुको प्रस्तुति धैरै भए पनि मुलुकको रूपान्तरणका विषय नरहेको टिप्पणी गर्नुभयो ।

सांसद पद्माकुमारी अर्यालले विगतका सरकारका सकारात्मक कार्यक्रमलाई निरन्तरता दिने प्रयास भएको देखिए पनि ती पर्याप्त नभएका बताउनुभयो ।

> सांसद मातृकाप्रसाद यादवले रुग्ण उद्योगहरु यथाशीघ्र सञ्चालनको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो भने अर्का सांसद परशुराम तामाङले गरिखाने श्रमजीवी वर्ग र उत्पीडित वर्गका लागि अर्थ-राजनीतिक समस्याको समाधान नीति तथा कार्यक्रममा नभएको आरोप लगाउनुभयो ।

सांसद कृपाराम रानाले सुकुमवासील न्याय पाउने विषय र कृषिको व्यावसायिकीकरण गर्नुपर्ने विषय नीति कार्यक्रममा थप्न प्रस्ताव गर्नुभयो । सांसद भूमिका सुब्बा लिम्बूले आदिवासी जनताजातिको ज्ञान, परम्परा र संस्कृतिलाई विकासको मूल प्रवाहमा समेट्न आग्रह गर्नुभयो ।

सांसद यज्ञबहादुर बोगटीले नीति तथा कार्यक्रममा नौलोपन नरहेको र युवाहरूको अपेक्षाबमोजिम नभएको टिप्पणी गर्नुभयो ।

सांसद गङ्गादेवी श्रेष्ठले प्रदूषण बढाउने पुराना सवारी साधनलाई हटाउने विषय समावेश गर्न माग गर्नुभयो ।

सांसद डा पुष्पराज कँडेलले राज्य व्यवस्थाको संरचनात्मक परिवर्तन र योजनाबद्ध आर्थिक विकासको तालमेल नभएको बताउँदै राष्ट्रसेवक कर्मचारीको तलब बढाउन सुझाउनुभयो ।

सांसद यशुदाकुमारी बरालले कर्णालीका सबै जिल्लामा, खानेपानी, स्वास्थ्य, शिक्षामा सहज पहुँच अनिवार्य गर्ने विषय प्राथमिकतामा राख्न आग्रह गर्नुभयो ।

सांसद टुकाभद्र हमालले जवाफदेहिता वृद्धि र परिणाम देखिने गरी नीति तथा कार्यक्रम सच्च्याउन सुझाव दिनुभयो ।

सांसद कुलभक्त शाक्यले श्रमिक वर्गको सामूहिक सौदाबाजी गर्न पाउने हकलाई वञ्चित गर्न नहुने बताउनुभयो ।

सांसद प्रमेशकुमार हमालले संविधानमा रहेको समाजवादोन्मुख आर्थिक व्यवस्था, सामाजिक न्याय र रूपान्तरणका विषय स्पष्ट पार्न आवश्यक छ भन्नुभयो ।

सांसद मातृकाप्रसाद यादवले रुग्ण उद्योगहरू यथाशीघ्र सञ्चालनको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो भने अर्का सांसद परशुराम तामाङले गरिखाने श्रमजीवी वर्ग र उत्पीडित वर्गका लागि अर्थ-राजनीतिक समस्याको समाधान नीति तथा कार्यक्रममा नभएको आरोप लगाउनुभयो ।

सांसद बलावती शर्माले २० वर्षमाथिका महिलाको पाठेघरको समस्या र स्तन क्यान्सर रोगको निःशुल्क उपचारको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद पार्वती विकले दलित र दुर्गम क्षेत्रका महिलाका हकअधिकारका सवालमा प्राथमिकता दिन आग्रह गर्नुभयो । सांसद निराशा चौधरी (ठगौरा)ले कृषि क्षेत्रलाई राहत दिन र बजार प्रवर्द्धन गर्न आग्रह गर्नुभयो । बैठक जारी छ । रासस

# निजी क्षेत्रसँगको सहकार्यमा समृद्धि अभियान अघि बढाइने



मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशको आर्थिक गतिविधि सुदृढ बनाउन निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्ने बताउनुभएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशद्वारा बिहीबार विराटनगरमा आयोजित चौथो कार्यकारिणी समितिको पदस्थापन समारोहको उद्घाटन गर्दै उहाँले निजी क्षेत्रलाई विश्वासमा लिएर समृद्धिको अभियान अघि बढाइने बताउनुभयो ।

मुख्यमन्त्री कार्कीले राजनीतिक स्थायित्वसँगै मुलुकले आर्थिक रूपमा सकारात्मक दिशा लिने विश्वास व्यक्त गर्दै वर्तमान सरकारले देशविकासप्रति जनतामा विश्वास बढाएको बताउनुभयो । उहाँले प्रदेश सरकारले आगामी बजेटलाई उत्पादनमुखी क्षेत्रमा केन्द्रित गर्न निर्देशन दिइएको बताउँदै विकासलाई सडक र पुलमा मात्र सीमित नराखी सूचना प्रविधि, पर्यटन तथा औद्योगिक क्षेत्रमा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले उद्योग-व्यवसायमैत्री वातावरण निर्माणमा महानगरले निरन्तर सहयोग गर्ने बताउनुभयो ।

महासङ्घका नवनिर्वाचित अध्यक्ष राजेन्द्रबहादुर राउतले जलविद्युत्, पर्यटन, उद्योग र कृषिको आधुनिकीकरण गरेर समृद्ध नेपाल निर्माण गर्न सकिने धारणा व्यक्त गर्नुभयो । रासस

# लगानी, कृषि र पर्यटन प्रवर्द्धनका लागि सांसदहरूको सुझाव

काठमाण्डु । राष्ट्रियसभाको आजको बैठकमा सांसदहरुले सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथिको छलफलमा



भाग लिँदै कृषि, पर्यटन, युवाको पलायन रोकथाम तथा लगानीमैत्री वातावरण निर्माणका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

सांसद महन्थ ठाकुरले गैरआवासीय नेपालीलाई स्वदेशमै लगानी गर्न प्रोत्साहन हुने वातावरण निर्माण गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले लगानीमैत्री नीति र स्थिर वातावरणमार्फत देशको आर्थिक विकासलाई गति दिन सकिने बताउनुभयो ।

सांसद धर्मेन्द्र पासवानले नीति तथा कार्यक्रममा मधेस प्रदेशको कृषि विकासलाई बृहत् रूपमा नसमेटिएको आरोप लगाउनुभयो । उहाँले मध्यमवर्गका लागि नीति तथा कार्यक्रम सकारात्मक भए पनि मधेसको कृषि र पर्यटनको सम्भावनालाई पर्याप्त प्राथमिकता नदिइएको टिप्पणी गर्नुभयो ।

सांसद उर्मिला अर्यालले कृषिको वृद्धिदर पाँच प्रतिशत पुर्‍याउन सके मुलुकको आर्थिक समृद्धि सम्भव हुने बताउनुभयो । उहाँले मौलिक बीउको प्रवर्द्धन, वीरगञ्ज चिनी कारखानाको पुनः सञ्चालन तथा दुग्ध विकास संस्थानको स्तरोन्नतिमा जोड दिनुभयो । मधेस प्रदेशको खानेपानी सङ्कट समाधानका लागि पर्याप्त बजेट व्यवस्थापन गर्न उहाँले सरकारसँग आग्रह गर्नुभयो ।

सांसद सोनामगेल्जेन शेर्पाले पर्यापर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण, कूटनीतिक पहलमार्फत पर्यटन प्रवर्द्धन तथा पोखरा र भैरहवा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनलाई प्रभावकारी बनाउन भारत र चीनसँग कूटनीतिक पहल आवश्यक रहेको बताउनुभयो ।

यसैगरी, सांसद सुनिलबहादुर थापाले युवाको निरन्तर विदेश पलायन भइरहेका बेला स्वरोजगार सिर्जना गरी स्वदेशमै बस्ने वातावरण बनाउनुपर्ने बताउनुभयो । उहाँले कृषि क्षेत्रमा आत्मनिर्भर बन्न आवश्यक भएकामा जोड दिनुभयो । रासस


**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीहरु तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०२/०१ गते शुक्रबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि) का तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम चुक्ताभुक्तान गर्ने मिति समाप्तभई सक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ताफछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ताफछ्र्यौट गर्न गराउनहुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, मलंगवा सर्लाहीमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०३/१२ गते शुक्रबार(सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय, मलंगवा सर्लाहीमा** दिनको ठीक ३ :०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिमअसुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ता तथा धितोको विवरण :**

**ऋणीः** नेपाल सरकार, उद्योग मन्त्रालय,, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६६/०८/१० गते प्रा.फ.र.नं. ७५८/०६६/०६७ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०६६/०८/११ (मूं.अ.क. दर्ता मिति २०६६/१२/०४) मा करदताको नाम नन्द लाल महतो कारोवारको नाम कृष्णा सप्लार्यस भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००११२८३३ को प्रमाणपत्र प्राप्त **कृष्णा सप्लार्यस ।**
**ठेगानाः** जिल्ला सर्लाही भवानीपुर गा.वि स वडा नं ०६ ।

**प्रोप्राइटर तथा जमानतकर्ताः नन्दलाल महतो** (ना.प्र.नं. ११५७०६०८, जारी मिति २०३७/०२/२१, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
**ठेगानाः** जिल्ला सर्लाही बसबरिया गा.पा. वडा नं. ३ (साविक भवानीपुर गा.वि.स. वडा नं. ६) ।
**बाबुः** राम गुलाम महतो ।
**बाजेः** ठगा महतो ।

**जमानतकर्ताः सुमित्रा देवी** (ना.प्र.नं. १९३९/६०९, जारी मिति २०४४।११।१२, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
**ठेगानाः** जिल्ला सर्लाही बसबरिया गा.पा. वडा नं. ३ (साविक भवानीपुर गा.वि.स. वडा नं. ६) ।
**पतिः** नन्दलाल महतो ।
**ससुराः** राम गुलाम महतो ।

**जमानतकर्ताः मनोज कुमार** (ना.प्र.नं. ११५७१७१०, जारी मिति २०६२/०५/०५, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
ठेगाना : जिल्ला सर्लाही बसबरिया गा.पा. वडा नं. ३ (साविक भवानीपुर गा.वि.स. वडा नं. ६) ।
बाबुः नन्दलाल महतो ।
बाजेः राम गुलाम महतो ।

**धितो सम्पत्तिको विवरण**
१. सुमित्रा देवीको नाममा मालपोत कार्यालय सर्लाही, हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला गंगापुर सितापुर गा.वि.स. वडा नं ७ नक्सा सिट नं ७ख, स्थित कि.नं. ३२८ र ३४८ को क्षेत्रफल ०-०-१०-० र ०-१-२१/२-० -बिघा), र ऐ.जि. पथरकोट गा.वि.स. वडा नं ९ नक्सा सिट नं ९ख, स्थित कि.नं. १२४, क्षेत्रफल ०-१-१०-० (बिघा) को घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .......... १
२. ऋणी कृष्णा सप्लायर्सको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण..१

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय, मलंगवा सर्लाही**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय, मलंगवा सर्लाही**मा सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००



| क्र.सं. | ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| २१. | **नाम : मो. मुर्तुजा**<br>बाबुको नाम : पांचु मियां<br>बाजेको नाम : लुराई मियां<br>ठेगाना : रुपनी - १, सप्तरी<br>ना.प्र.प.नं. : १६-०१-७८-००३७४<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०७८/०१/१३<br>**शाखा कार्यालय : रुपनी** | **नाम : आइसा खातुन**<br>पतिको नाम : मो. मुर्तुजा<br>ससुराको नामः पांचु मियां<br>ठेगाना : रायपुर - ८, सप्तरी<br>हाल : रुपनी - १, सप्तरी<br>ना.प्र.प.नं. : १६१०६१/२८०<br>जि.प्र.का. सप्तरी<br>जारी मिति :२०६६/०९/२८ |
| | **धितोको विवरण** | |
| | मो. मुर्तुजाको नाममा मालपोत कार्यालय राजविराजमा दर्ता रहेको रायपुर - ८ क, सप्तरी स्थित कित्ता नं. ३३७, ३४७, ४५८, ३३६, ४५६ र ४५४ को क्षेत्रफल क्रमशः ०-०-११, ०-०-३, ०-०-७, ०-०-९, ०-०-१० र ०-०-३ (बिघा) जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| २२. | **नाम : सुरेन्द्र प्रसाद राम**<br>बाबुको नाम : शैनी मोची<br>बाजेको नाम : दयालपैत राम<br>ठेगाना : भंगाहा - ६, सप्तरी<br>हाल : शम्भुनाथ - ७, सप्तरी<br>ना.प्र.प.नं. : ३०४७, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६२/०५/३०<br>**शाखा कार्यालय : रुपनी** | **नाम : शुसिला देबी राम**<br>पतिको नाम : सुरेन्द्र प्रसाद राम<br>ससुराको नामः शैनी मोची<br>ठेगाना : भंगाहा - ६, सप्तरी<br>हाल : शम्भुनाथ - ७, सप्तरी<br>ना.प्र.प.नं. : १६१०७७/२१५<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६६/०२/१४ |
| | **धितोको विवरण** | |
| | सुरेन्द्र प्रसाद रामको नाममा मालपोत कार्यालय राजविराजमा दर्ता रहेको भंगाहा - ६, सप्तरी स्थित कित्ता नं. ९०९ को क्षेत्रफल ०-६-१३ (बिघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| २३. | **नाम : राम जतन यादब**<br>बाबुको नाम : मिश्री यादब<br>बाजेको नाम : सोनाई यादब<br>ठेगाना : धनगढी - ५, सप्तरी<br>हाल : बोदेबरसाईन - १, सप्तरी<br>ना.प्र.प.नं. : ४३९५, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६१/०३/१६<br>**शाखा कार्यालय : रुपनी** | **नाम : सरस्वती कुमारी यादब**<br>पतिको नाम : राम जतन यादब<br>ससुराको नाम : मिश्री यादब<br>ठेगाना : धनगढी - ५, सप्तरी<br>हाल : बोदेबरसाईन - १, सप्तरी<br>ना.प्र.प.नं. : १६१११०३/२९३<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६७/०५/३० |
| | **धितोको विवरण** | |
| | राम जतन यादबको नाममा मालपोत कार्यालय राजविराजमा दर्ता रहेको धनगढी - २, सप्तरी स्थित कित्ता नं. ३९१ र ५३३ को क्षेत्रफल क्रमशः ०-०-९.५ र ०-०-१४.७५ (बिघा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | **व्यक्तिगत जमानत दिनेको विवरण** |
| २४. | **नाम : प्रभा लेखी**<br>पतिको नाम : पशुपती कुमार चौधरी<br>ससुराको नामः बिष्णु देव प्रसाद चौधरी<br>ठेगाना : बकधुवा - ८, सप्तरी<br>हाल : अग्नीसाइर कृष्णासरवन - ६, सप्तरी<br>ना.प्र.प.नं. : १६१०१४/१३१<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६५/०४/२३<br>**शाखा कार्यालय : रुपनी** | **नाम : पशुपती कुमार चौधरी**<br>बाबुको नाम : बिष्णु देव प्रसाद चौधरी<br>बाजेको नाम : अबिरलाल चौधरी<br>ठेगाना : बकधुवा - ८, सप्तरी<br>हाल : अग्नीसाइर कृष्णासरवन - ६, सप्तरी<br>ना.प्र.प.नं. : ६६७३<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५९/०३/१७ |
| | **धितोको विवरण** | |
| | प्रभा लेखीको नाममा मालपोत कार्यालय राजविराजमा दर्ता रहेको बकधुवा - ९ख, सप्तरी स्थित कित्ता नं. ७९९ को क्षेत्रफल ०-३-३-० (बिघा) को जग्गा , सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त संस्था)
**केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६**
**फ्याक्स नं. ०१-४५१३५२६**

# संघीय मन्त्रिपरिषद १८ कायम गरियो



टुडे समाचारदाता

जनकपुरधाम । संघीय मन्त्रालयहरूको संख्या २२ बाट घटाएर १८पुगेको छ।

बुधवार बसेको मन्त्रिपरिषद् बैठकले 'नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०८३' स्वीकृत गर्दै मन्त्रालयहरूको संख्या घटाउने यो निर्णय गरेको थियो। राष्ट्रपति रामचन्द्र पौडेल समक्ष सरकारद्वारा सिफारिस गरे अनुसार नियुक्ति, हेरफेर र कार्यविभाजन गरिएको छ।

राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले एक प्रेस विज्ञप्ति जारी गरी राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम २०८२ साल चैत्र १३ गते गठित मौजूदा मन्त्रिपरिषदको सरकारको सिफारिसमा नियुक्ति, हेरफेर र कार्यविभाजन गरी गठन गरिएको जनाइएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार सरकारले अर्थ, गृह, परराष्ट्र, रक्षा र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई यथावत राखेको छ। त्यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पनि यथावत रहेका छन्।

सरकारले प्रविधि र आविष्कारलाई प्राथमिकता दिँदै साविकको शिक्षा मन्त्रालयबाट विज्ञान-प्रविधि झिकेर र नयाँ थप गरिएको नवप्रवर्तनसम्बन्धी कार्यहरू हेर्ने गरी छुट्टै 'विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय' गठन गरेको छ।

अन्य मन्त्रालयहरूको कार्यविभाजनमा व्यापक हेरफेर गर्दै समान प्रकृतिका मन्त्रालयहरूलाई एकीकृत गरिएको छ। जसअनुसार अब शिक्षा तथा खेलकुद मन्त्रालय, सञ्चार मन्त्रालय, युवा, श्रम तथा रोजगार मन्त्रालय रहनेछन्।

नयाँ सरकार गठन भएलगत्तै जारी गरिएको 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' अन्तर्गत प्रशासनिक सुधार र खर्च कटौतीका लागि मन्त्रालयको संख्या पुनरावलोकन गर्ने योजना अघि सारिएको थियो। सोही योजना कार्यान्वयन गर्न सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित 'पुनर्संरचना व्यवस्थापन सचिवालय' ले बुझाएको प्रतिवेदनकै आधारमा मन्त्रालयहरूको कार्यविभाजन, नाम परिवर्तन र एकीकरण गरिएको दाहालले जानकारी दिएका छन्।

# मधेशका ४९ छोटी भन्सार खारेज भई ९ मा सीमित

**मधेश प्रदेश कार्यालयको सप्तरी र सिरहा जिल्लाका सम्पूर्ण छोटी भन्सार कार्यालय खारेज गरिएको छ भने बारा जिल्लामा शुरुदेखि नै छोटी भन्सार कार्यालय थिएन । र यसपटक पनि दिइएको छैन । सिरहा जिल्लाका सम्पूर्ण भन्सार कार्यालय खारेज गरेपछि सांसद यादव भूगोल नबुझी भन्सार हटाइएको भन्दै आक्रोशित छन् ।**

टुडे समाचारदाता

जनकपुरधाम। साविकमा रहेका १३३ वटा छोटी भन्सार कार्यालय खारेज गरी नेपाल सरकारले मात्र १८ वटामा गरेका छन्। छोटी भन्सार कार्यालयहरु खारेज गरी सीमित गर्दा नेपाल-भारत सीमा क्षेत्रका बासिन्दा प्रत्यक्षरूपमा मारमा परेका छन्।

एकातर्फ १ सय रुपैयाँभन्दा बढीको सामान भारतबाट ल्याउन नपाइने, अर्कातर्फ छोटी भन्सार कार्यालय पनि हटाउंदा ५० किलोमिटरसम्म टाढा रहेको मूल भन्सार कार्यालयमा जानुपर्ने बाध्यताले सीमावर्ती क्षेत्रका वासिन्दा निकै पिडीत भएका छन्।

भन्सार विभागका एक कर्मचारीका अनुसार सरकारले अब नेपाली बजारमै सामान किन्न स्पष्ट रूपमा भनेकाले यस्तो गर्नुपरेको हो। महँगो भए पनि नेपाली बजारबाटै सामान किन्ने बानी बसाल्नुपर्ने उनको भनाई छ।




साबिकको छोटी भन्सार कार्यालयहरु खारेज मात्र १८ वटामा गरेको कुराका सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपालकै सांसदहरुले विरोध जनाएका छन्। सिरहाको बरियारपट्टीमा विगत केही दिनदेखि हुलाकी मार्ग जाम गरी स्थानीयले आन्दोलन गर्दै आएका छन्।

सिरहा क्षेत्र नम्बर २ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद शिव शंकर यादवले फोन गरी भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीलाई आक्रोश व्यक्त गरेको भिडियो सामाजिक सञ्जालमा भाइरल बनेको छ।

नयाँ भन्सार नियमावली, २०८३ लागु भएसँगै वर्षौंदेखि सञ्चालनमा रहेको यो भन्सार कार्यालय अहिले इतिहास बनेको छ। मधेश प्रदेशमा सबभन्दा बढी ४९ वटा छोटी भन्सार रहेकामा हाल ती सबै खारेज भई ९ वटामा सिमित भएको छ।

मधेशको धनुषा जिल्लामा जनकपुर भन्सार कार्यालय अन्तर्गत लगमा र ईनर्वा, महोत्तरीको जलेश्वर भन्सार कार्यालय अन्तर्गत सम्सी र मटिहानी, सर्लाही भन्सार कार्यालय अन्तर्गत त्रिभुवन नगर, रौतहटको गौर भन्सार कार्यालय अन्तर्गत बंकुल, वीरगञ्ज भन्सार कार्यालय अन्तर्गत भिस्वा, मटिअर्वा र ठोरी मात्र कायम गरिएको छ।

मधेश प्रदेश कार्यालयको सप्तरी र सिरहा जिल्लाका सम्पूर्ण छोटी भन्सार कार्यालय खारेज गरिएको छ भने बारा जिल्लामा शुरुदेखि नै छोटी भन्सार कार्यालय थिएन। र यसपटक पनि दिइएको छैन। सिरहा जिल्लाका सम्पूर्ण भन्सार कार्यालय खारेज गरेपछि सांसद यादव भूगोल नबुझी भन्सार हटाइएको भन्दै आक्रोशित छन्।

नेपाल सरकारले भन्सार नियमावली, २०६४ लाई विस्थापित गर्दै २०८३ वैशाख २१ गतेदेखि नयाँ नियमावली जारी गरेको छ। जस अनुसार सप्तरीको राजविराज भन्सार कार्यालय अन्तर्गत बनैनिया, स्वर्णपट्टी, कोदरकट्टी, हनुमाननगर, गोविन्दपुर, बेल्ही र कुशाहपातो गरी ७ वटा छोटी भन्सार कार्यालय हटाइएको छ भने सिरहाको ठाडी भन्सार कार्यालय अन्तर्गत रहेका कचनारी (नरंगी), नवराजपुर (झाँझपट्टी) गरी २ वटा र सिरहा भन्सार कार्यालयअन्तर्गत लगडीगदयानी (सिखाज्योती), औरही र बरियारपट्टीसहित ३ वटा छोटी भन्सार कार्यालय थियो।

यति मात्र होइन, अब यी छोटी भन्सारबाट एकपटकमा बढीमा १० हजार रुपैयाँसम्मको सामान मात्र ल्याउन पाइनेछ। यसअघि कतिपय नाकाबाट २५ हजार रुपैयाँसम्म सामान ल्याउने सुविधा थियो। भन्सार नियमावली, २०६४ को नियम ६२ मा छोटी भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न सकिने प्रावधान थियो।

पुरानो नियामवली अनुसार धनुषाको जनकपुर भन्सार कार्यालय अन्तर्गतका जटहीस्थित लगमा, पृथ्वीपुर र गुलरियासहित ३ वटा छोटी भन्सार कार्यालयबाट जतिसुकै मूल्यका मालवस्तु पैठारी गर्न सकिने प्रावधान थियो। ती मध्ये जनकपुरको लगमा र राजापुरको गुलरिया छोटी भन्सार कार्यालयबाट जतिसुकै मूल्यको पनि मालवस्तु पैठारी गर्न सकिने प्रावधान भने कायमै राखिएको छ भने पृथ्वीपुरको हटाइएको छ।

नियमावलीमा भएको प्रावधानअनुसार भिस्वा, आठमौजा (गौरीगञ्ज), कुमरखोद, रंगेली, सम्सी, बंकुल, मटिअर्वा र बेलौरीसहित ८ वटा छोटी भन्सार कार्यालयबाट २५ हजार रुपैयाँसम्मको पैठारी गर्न सकिन्थ्यो।

त्यसबाहेक अन्य छोटी भन्सार कार्यालयमार्फत १० हजार रुपैयाँसम्मका मालवस्तु पैठारी गर्न सकिने नियमावलीको नियम ६२ को खण्ड (घ) मा उल्लेख थियो। तर अब नयाँ नियमावलीको नियम ४ उपनियम १ को खण्ड (ख) अनुसार अब ती छोटी भन्सार कार्यालयबाट सबै कटौती गरी १ पटकमा बढीमा १० हजार रुपैयाँसम्मको वस्तु मात्र पैठारी गर्न सकिनेछ।

त्यसैगरी, जनकपुर भन्सार कार्यालय, धनुषाअन्तर्गत इनर्वा, कठाल, खजुरी स्टेसन, खजुरी महुवा, महिनाथपुर, बैदेही, भडरिया, लगमा (जटही) गरी ८ वटा छोटी भन्सार कार्यालय थिए। जलेश्वर भन्सार कार्यालय, महोत्तरीअन्तर्गत बथनाहा, सिसवा (कटैया), रघुनाथपुर, पोखरभिन्डा, सम्सी र मटिहानी गरी ६ वटा छोटी भन्सार कार्यालय थिए।

त्यसैगरी, सर्लाही भन्सार कार्यालय अन्तर्गत त्रिभुवननगर, धर्मपुर (भांडसर), फेनरा, पर्सा, संग्रामपुर, बारा र बलरा गरी ७ वटा छोटी भन्सार कार्यालय थिए। गौर भन्सार कार्यालय, रौतहटअन्तर्गत ब्रम्हपुरी, औरैया, रामपुर, खाप, मठिया र बंकुल गरी ५ वटा छोटी भन्सार कार्यालय थिए।

वीरगञ्ज भन्सार कार्यालयअन्तर्गत अलौ, कवही, मटिअर्बा, भिष्वा, सिमरौनगढ, गाडापर्सौनी भाठा, कचर्वा, अमृतधारा (ठोरी), पिपरपाटी, जानकीटोला नाका र सिर्सिया नाका गरी कुल ११ वटा छोटी भन्सार कार्यालय थिए।

# कृषि उत्पादनको मूल्य समयमै तोकिने

टुडे समाचारदाता

जनकपुरधाम। कृषि उपजको बजार मूल्यमा हुने उतार चढावबाट किसानलाई जोगाउन र उत्पादनको उचित प्रतिफल सुनिश्चित गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयले 'न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी निर्देशिका, २०८२' जारी गरेको छ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो निर्देशिका कार्यान्वयनमा ल्याएको हो। कृषि पेसालाई थप आकर्षित बनाउन र किसानको नाफा सुनिश्चित गर्नु यो निर्देशिकाको मूल उद्देश्य रहेको दाबी गरिएको छ।

निर्देशिका अनुसार 'न्यूनतम समर्थन मूल्य' भन्नाले बाली उत्पादनको लागत, ढुवानी खर्च र न्यूनतम मुनाफा समेतलाई जोडेर सरकारले निर्धारण गरेको मूल्य हो। खासगरी धान (वर्षे र चैते), मकै (वर्षे), गहुँ र कोदोलाई 'प्रमुख खाद्यान्न बाली' को रूपमा वर्गीकरण गरिएको छ। त्यस्तै, उखुलाई औद्योगिक बालीको रूपमा परिभाषित गर्दै यसको हकमा 'न्यूनतम खरिद मूल्य' लागू हुने व्यवस्था गरिएको छ।

यस्तै यो निर्देशिकाले 'न्यूनतम खरिद मूल्य' को व्यवस्था पनि गरेको छ। निर्देशिका अनुसार न्यूनतम खरिद मूल्य भन्नाले किसान र चिनी उद्योगीबीच खरिदबिक्रीका लागि उत्पादन लागत, ढुवानी खर्च र न्यूनतम मुनाफासहित सरकारले निर्धारण गर्ने उखुबालीको मूल्यलाई जनाउँदछ।

निर्देशिकाले मूल्य निर्धारणका लागि तीनवटा तहगत समितिहरूको व्यवस्था गरेको छ। जसअनुसार पहिलो हो, प्राविधिक समिति। कृषि विभागका उपमहानिर्देशकको संयोजकत्वमा रहने यो समितिले देशभरका विभिन्न जिल्ला र कृषकको घरधुरीबाट उत्पादन लागत (फार्म गेट प्राइस) को तथ्यांक संकलन र विश्लेषण गर्नेछ।



दोस्रो हो, सिफारिस समिति। कृषि मन्त्रालयका सहसचिवको संयोजकत्वमा रहने यो समितिले प्राविधिक समितिको प्रतिवेदनका आधारमा मन्त्रालयलाई मूल्य सिफारिस गर्नेछ। उखुको हकमा छुट्टै सिफारिस समिति रहने व्यवस्था गरिएको छ।

तेस्रो हो, मन्त्रिपरिषद्को निर्णय। मन्त्रालयले प्राप्त गरेको सिफारिसलाई मन्त्रिपरिषद्मा पेस गरिनेछ र मन्त्रिपरिषद्को निर्णयपछि मात्र मूल्य आधिकारिक रूपमा लागू गरिनेछ।

किसानले बाली लगाउनु अगावै वा काट्ने समयमा मूल्य थाहा पाउन् भन्ने उद्देश्यले निर्देशिकाले स्पष्ट समयतालिका तोकेको छ। जसअनुसार उखुको हकमा कात्तिक ३० गतेभित्र न्यूनतम समर्थन मूल्य सिफारिस गरिसक्नु पर्नेछ र मङ्सिर १ गतेभित्र मन्त्रिपरिषद्बाट निर्णय गरिसक्नु पर्नेछ।

औद्योगिक बालीको न्यूनतम खरिद मूल्य आगामी ३ वर्षभित्र उखु बालीबाट हुने रिकभरी दरको आधारमा निर्धारण हुने प्रणालीको सुरुवात गर्ने विषयलाई पनि निर्देशिकाले समावेश गरेको छ। यसका लागि उखु उत्पादक किसानलाई उच्च रिकभरी दर भएका उखुको जात प्रयोग गर्न सरकारले प्रोत्साहन गर्नेछ।

यस्तै वर्षे धानको हकमा वैशाख ३० गतेभित्र सिफारिस गरी जेठ १ गतेभित्र मूल्य तोकिसक्नु पर्नेछ भने चैते धानको हकमा माघ ८ गते सिफारिस गरी माघ ९ गते मूल्य तोकिसक्नु पर्नेछ। त्यस्तै गहुँको हकमा असोज ३० गतेभित्र सिफारिस गरी कात्तिक १ गतेभित्र मूल्य तोकिने तथा मकैको हकमा फागुन २१ गते सिफारिस र फागुन २२ गते मूल्य तोकिसक्नु पर्नेछ। यसैगरी कोदोको हकमा वैशाख ७ गते सिफारिस गरी वैशाख ८ गते मूल्य तोक्नुपर्नेछ।

मूल्य निर्धारणलाई वैज्ञानिक बनाउन सातै प्रदेशका विभिन्न जिल्लाहरूमा नमुना संकलन गरिनेछ। उखुका लागि कोशीका २०, मधेशका ५०, लुम्बिनीका १० र सुदूरपश्चिमका २० गरी १०० घरधुरी, वर्षे धानका लागि कोशीबाट २०, मधेशबाट ३०, बागमतीबाट २०, गण्डकीबाट १०, लुम्बिनीबाट २०, कर्णालीबाट १० र सुदूरपश्चिमबाट २० गरी १३०, गहुँका लागि ७० घरधुरी, चैते धानका लागि १०० घरधुरीमा रहेका किसानलाई सर्वेक्षणमा सहभागी गराएर उत्पादन लागत मूल्य निकालिनेछ।

यस्तै वर्षे मकैको लागि १०० र कोदोको लागि ६५ घरधुरी किसानलाई सर्वेक्षणमा सहभागी गराइने निर्देशिकामा उल्लेख छ।

यस्तै छिमेकी मुलुकले निर्धारण गरेको न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य तथा किसानलाई उपलब्ध गराएको उत्पादन अनुदान योजना (स्कीम), प्रतिफलमा आधारित अनुदानसम्बन्धी अध्ययन गरिने पनि निर्देशिकामा उल्लेख छ। निर्देशिका अनुसार न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी आवश्यक अन्य कार्यहरूसमेत गर्नुपर्ने विषयलाई व्यवस्था गरिएको छ।

निर्देशिकाले संघीय सरकार मात्र नभई प्रदेश र स्थानीय तहलाई पनि जिम्मेवार बनाएको छ। प्रदेश कृषि मन्त्रालयले आफ्नो क्षेत्रमा न्यूनतम समर्थन मूल्य कार्यान्वयनको समन्वय र अनुगमन गर्नेछ भने स्थानीय तहले आवश्यक कानुनी व्यवस्था गरी किसानबाट कृषि उपज खरिद गर्ने कार्यमा सहयोग पुऱ्याउनु पर्नेछ।

# मातृशिशु स्वास्थ्यमा सुधार आवश्यक

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशसभाका सभामुख रामआशिष यादवले कुपोषण न्यूनीकरण तथा मातृशिशु स्वास्थ्य सुधार आवश्यक रहेको बताएका छन्।



स्वास्थ्य निर्देशनालयद्वारा लालगढमा आयोजित तीनदिने 'प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलनको समापन गर्दै सभामुख यादवले कुपोषण न्यूनीकरण तथा मातृशिशु स्वास्थ्य सुधारका लागि प्रदेश सरकार, स्थानीय तह र सरोकार भएका निकायबिच प्रभावकारी समन्वय आवश्यक रहेको बताए।

उनले पोषण केवल स्वास्थ्य क्षेत्रसँग मात्र सीमित नभई शिक्षा, कृषि, खानेपानी, सरसफाइ तथा सामाजिक चेतनासँग जोडिएको विषय रहेको भने। उनले मधेश प्रदेशमा अझै पनि बालबालिका तथा महिलामा कुपोषणको समस्या चुनौतीका रूपमा रहेको भन्दै त्यसलाई घटाउन दीर्घकालीन नीति, व्यावहारिक योजना तथा प्रभावकारी कार्यान्वयन अपरिहार्य भएकामा जोड दिए।

मधेश प्रदेशसभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रूपाकुमारी यादवले महिलाको स्वास्थ्य, बालअधिकार तथा पोषण सुरक्षालाई प्राथमिकतामा राखेर नीति निर्माण गर्नुपर्ने बताईन। उनले ग्रामीण तथा विपन्न समुदायमा अझै पनि पोषणसम्बन्धी चेतनाको अभाव देखिएको भन्दै स्थानीय तहसँग सहकार्य गरेर चेतनामूलक अभियान सञ्चालन गर्नुपर्ने विचार व्यक्त गरिन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले पोषण तथा जनसंख्याबिच प्रत्यक्ष सम्बन्ध रहेको बताउँदै जनसŒ्या वृद्धि, गरिबी, अशिक्षा तथा असन्तुलित खानपानका कारण कुपोषणको समस्या चुनौती बनेको विचार व्यक्त गरे।

सम्मेलनमा पोषण, मातृ तथा शिशु स्वास्थ्य, किशोरी पोषण, जनसंख्या अवस्था, खाद्य सुरक्षा तथा पोषणमैत्री नीति कार्यान्वयनलगायत विषयमा पाँच वटा कार्यपत्र प्रस्तुत गरिएको थियो।

महिला हिंसा

हिंसाले भत्काउछ सम्बन्ध सारा, मायाले जोडछ परिवार सारा।

आदर बढाऔं, रिस घटाऔं, महिला हिंसा रहित सुन्दर परिवार बनाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

# महिला क्रिकेट प्रतियोगिताको आयोजना

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामस्थित श्री रामजानकी बहुउद्देश्यीय अन्तर ाष्ट्रिय रंगशालामा पहिलोपटक महिला क्रिकेट टुर्नामेन्ट सुरु भएको छ। मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयको आयोजनामा सुरु भएको प्रतियोगितामा प्रदेशका आठवटै जिल्लाका महिला क्रिकेट टोली सहभागिता जनाएका छ्न।



टुर्नामेन्ट उद्घाटन कार्यक्रममा बोल्दै खेलकुद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशील कुमार साहले महिला खेलाडीलाई प्रोत्साहन गर्ने तथा मधेशमै सक्षम खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए। उनले यस्ता प्रतियोगिताले खेलाडीहरूको मनोबल वृद्धि गर्नुका साथै अनुशासन र प्रतिस्पर्धात्मक क्षमता विकास गर्न सहयोग पुग्ने उल्लेख गरे।

उनले मधेश सरकारले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखेर अगाडि बढिरहेको भन्दै आगामी दिनमा खेलाडी र खेलकुद विकासका लागि अझ प्रभावकारी ढंगले काम गर्ने प्रतिबद्धता व्यक्त गरे। जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले रंगशाला निर्माणका लागि उपमहानगरपालिका सुरुदेखि नै सक्रिय रहेको उल्लेख गर्दै गुठी संस्थान र मन्त्रालयबीच समन्वय गरी रंगशालालाई शीघ्र पूर्णता दिनुपर्ने आवश्यकता औंल्याए।

नेपाल क्रिकेट संघ (क्यान) का उपाध्यक्ष रोशन सिंहले प्रदेश सरकारले खेलाडीलाई अझ बढी प्राथमिकता दिनुपर्ने धारणा राखे। उनले घोषणा गरिएका पुरस्कार रकम अझै उपलब्ध नभएकोप्रति असन्तुष्टि जनाउँदै तत्काल वितरण गर्न आग्रह गरे।

मधेश खेलकुद परिषद्को अगुवाइ तथा धनुषा जिल्ला क्रिकेट संघको सहकार्यमा सुरु भएको प्रतियोगिता आठ दिनसम्म सञ्चालन हुनेछ। प्रतियोगितामा कुल १५ खेल हुनेछन्। प्रतियोगितालाई दुई समूहमा विभाजन गरिएको छ। समूह 'ए' मा बारा, पर्सा, रौतहट र सर्लाही रहेका छन् भने समूह 'बी' मा सप्तरी, धनुषा, महोत्तरी र सिरहा सहभागी छन्। लिग चरण सम्पन्न भएपछि फाइनल खेल जेठ ७ गते आयोजना गरिनेछ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८